जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ९० • २०८३ साल भाद्र २ गते मंगलबार (18 August, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## जापानिज इन्सेफलाइटिसबाट १६ जनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा जापानिज इन्सेफलाइटिस (जेइ) संक्रमणबाट मृत्यु हुनेको संख्या १६ पुगेको छ । परिवार कल्याण महाशाखाले सार्वजनिक गरेको पछिल्लो तथ्यांक अनुसार देशभर ६३ जनामा जेइ संक्रमण पुष्टि भएको छ ।

देशभर ८७८ जनामा एक्युट इन्सेफलाइटिस सिन्ड्रोम (एईएस) का केस देखिएकामा ६३ जनामा जेइ संक्रमण पुष्टि भएको छ । पछिल्लो पाँच दिनमा मात्रै नौ जना नयाँ संक्रमित थपिएका छन् । संक्रमितमध्ये ३४ पुरुष र २९ महिला छन् भने ३१ जना उपचाररत छन् ।

जेइ संक्रमणबाट मृत्यु भएका १६ जनामध्ये कसैले पनि खोप नलगाएको पाइएको छ । मृतकमध्ये नौ महिला र सात पुरुष छन् । मृत्यु हुनेमध्ये ८८ प्रतिशत ५० वर्षभन्दा माथिका रहेको महाशाखाले जनाएको छ । उमेर समूहका आधारमा ६० वर्षभन्दा माथिका व्यक्तिमा जेइ संक्रमण बढी देखिएको छ ।

मृतकमध्ये झापाका पाँच, सुनसरी र सप्तरीका दुई/दुई तथा मोरङ, इलाम, रौतहट, धनुषा, पर्सा, काभ्रे र दाङका एक/एक जना छन् ।

हालसम्म २२ जिल्लाका ५० स्थानीय तहमा जेइ संक्रमित भेटिएका छन् । पूर्वी क्षेत्रमा बढी देखिँदै आएको संक्रमण पछिल्लो समय पश्चिमतर्फसमेत फैलिँदै गएको महाशाखाको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अधिकांश जेइ संक्रमित धानबारी तथा सुँगुर फार्म आसपास बसोबास गर्ने गरेको पाइएको छ । संक्रमितमध्ये ६२ प्रतिशतको मुख्य पेसा कृषि रहेको तथ्यांकले देखाएको छ ।

जापानिज इन्सेफलाइटिस लामखुट्टेको टोकाइबाट सर्ने मस्तिष्कसम्बन्धी गम्भीर भाइरल संक्रमण हो । भाइरसबाट संक्रमित हाँस, कुखुरालगायतका चराचुरुंगी तथा सुँगुरलाई टोकेको लामखुट्टेले मानिसलाई टोक्दा संक्रमण हुन्छ । यो रोग विशेषगरी साउनदेखि कार्तिकसम्म बढी देखिने गरेको चिकित्सकहरु बताउँछन् ।

### गठबन्धन वाचा विमुख

## मधेश प्रदेशमा घटेन मन्त्रालय, मन्त्री हटाए सरकारमाथि संकट

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सत्ता साझेदार तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी(नेकपा) ले प्रदेशमा मन्त्रालयको संख्या घटाउन गरेको वाचा पुरा गरेको छन । बढीमा साउन मसान्त भित्र प्रदेशको मन्त्रालय संख्या घटने प्रतिबद्धता तीन दलको सहमति पत्रमा उल्लेख छ ।

सरकारले मन्त्रालय घटाउने समयसीमा निर्धारण गरे पनि त्यसको कार्यान्वयन गर्ने पक्षमा छैन । दिन बित्दै छ । तर मन्त्रालय घटाउने तर्फ सरकारको चासो देखिएको छैन ।

सरकारले मन्त्रालय घटाउने प्राविधिक कार्यहरु भइरहेको बताए पनि त्यो कहिले टुंगो लाग्ने यकिन बताउन चाहेको छैन । मुख्यमन्त्री कृष्णप्रसाद यादवले मन्त्रालय मर्ज गर्दा विभाग लगायतका कार्यालयहरुको समायोजनको प्रक्रिया अगाडि बढी सकेको बताएका छन् । मन्त्रालय र त्यस मातहतका कार्यालयहरु समायोजनमा समय लागेकोले मन्त्रालयको संख्या कटौतीमा ढिलाइ भएको उनले बताए ।

अर्थ मन्त्रालयले तलब, भत्ता बाहेकको सबै शीर्षकको बजेट रोकेको छ । अर्थमन्त्री युवराज भट्टराईले मन्त्रालयहरुको समायोजन प्रक्रिया चलिरहेकोले बजेट रोकिएको बताएका छन् । मन्त्रालयको संख्या कटौती गर्ने पूर्वसहमतिको कार्यान्वयन हुनेमा ढुक्क रहन आग्रह गर्दै उनले भने, बजेट रोकिनु मन्त्रालय समायोजन बाहेकको अन्यथा कारण छैन ।

मधेश प्रदेशमा हाल नेकाँ, एमाले र नेकपा सरकारमा संख्यात्मक रुपमा बराबरको संख्यामा छ । सरकार गठनको बखत भएको तीन दलीय सहमतिमा साउनमा मन्त्रालयको संख्या घटाउने उल्लेख छ । मन्त्रालयको संख्या घटेपछि कांग्रेस र एमालेले बराबर ३/३ मन्त्रालय र नेकपाले २ मन्त्रालय पाउने सहमति भएको थियो ।




सहमति अनुसार कांग्रेस र एमालेबाट १/१ जना र नेकपाबाट २ जना मन्त्री हटने छन् । त्यसो हुँदा सरकार विरुद्ध सत्ता साझेदार दलहरुबीच नै विद्रोह हुन सक्ने बलियो सम्भावना छ । सरकारमा रहेका मन्त्रीहरुले यो गठबन्धनलाई नै निरन्तरता दिनुपर्ने पक्षमा छन् । गठबन्धन फेरिदा मन्त्री बन्ने सम्भावना नरहने धेरै मन्त्रीहरुको बुझाइ छ ।

देशको ७ मध्ये ६ वटा प्रदेशमा सत्ता गठबन्धन फेरिएको छ । सरकार बाहिर रहेको नेकपालाई सत्ता साझेदार बनाइएको छ । एमाले र नेकपा गठबन्धनको सरकार अन्य प्रदेशमा बन्दा नेपाली कांग्रेस सत्ता बाहिर भएको छ । ६ वटा प्रदेशमा सरकारबाट कांग्रेस बाहिरिएको हो । तर मधेश प्रदेशमा कांग्रेस नेतृत्वको सरकारलाई नै निरन्तरता दिन एमाले र नेकपाका मन्त्रीहरुले केन्द्रीय नेतृत्वमाथि दबाब बनाएका छन् । मधेश प्रदेशमा गठबन्धन भत्किए एमाले, नेकपा र मधेश केन्द्रित दल अथवा कांग्रेस र मधेश केन्द्रित दलहरु मिलेर सरकार बनाउन सक्ने सम्भावना छ ।

तर त्यस्तो सरकार गठन हुँदा वर्तमान मुख्यमन्त्री र अधिकांश मन्त्रीहरुको दोहरिने सम्भावना रहने छैन । हुन त यहीँ सरकारमा पनि कांग्रेसमा मन्त्री कटौती हुँदा सबै फेरिएर नयाँ मन्त्री आउने संसदीय दलको निर्णय छ । त्यसकारण पनि सरकारमा रहेका मन्त्रीहरुले यसैलाई निरन्तरता दिने पक्षमा छन् । तर सरकार बाहिर रहेका सांसदहरुले अन्य प्रदेशमा जस्तै मधेश प्रदेशमा पनि गठबन्धन फेरिनु पर्ने बताउन थालेका छन् । मधेश प्रदेशमा कांग्रेसको संस्थापन पक्षमा नै दुई गुट छ । मुख्यमन्त्री यादवलाई विस्थापित गराइ अन्य दलकालाई समेत मुख्यमन्त्री बनाउन संस्थापन पक्षकै एउटा समूह सक्रिय छ । एमाले र नेकपाको अवस्था पनि उस्तै छ ।

६ वटा प्रदेशमा भएको सत्ता गठबन्धन फेरबदलकै आधारमा मधेश प्रदेशमा पनि गठबन्धन फेर्ने दबाब एमाले र नेकपामाथि छ । तर ती दुई दललाई बहुमत पुर्‍याउन मधेश केन्द्रित दलहरुको सहारा चाहिन्छ । मधेशी दलहरुले मुख्यमन्त्री नपाए सम्म एमाले र नेकपा अथवा कांग्रेससित गठबन्धन गर्ने देखिदैन ।

मन्त्रालयको संख्या घटाउने र गठबन्धन निरन्तर रहने अथवा भत्किने अन्योलले कर्मचारीहरु काम गर्न अग्रसर भइरहेका छैनन् । केही मन्त्रीहरुले कर्मचारीमाथि दबाब बनाउन थालेको बताइन्छ । तर कर्मचारीहरु यहीँ गठबन्धन रहे पनि को मन्त्री रहने वा हट्ने यकिन नभएकोले काम गर्न समस्या भएको बताउँछन् ।

सरकारले साउनदेखि नै विकास निर्माण लगायतका कार्यहरु प्रारम्भ गर्ने घोषणा गरेको थियो । तर त्यसको कुनै सुरसार देखिएको छैन । बजेट रोकिएको र सरकारबारे प्रष्ट नभएकोले काम गर्न समस्या रहेको कर्मचारीहरु बताउँछन् । सरकार नै अन्योलमा रहेकोले कर्मचारीहरु पनि घुमफिर बढाएको देखिन्छ ।

## मधेशमा बढ्दो सर्पदंश : भेनम अभावको चिन्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । वर्षा, बाढी र अत्यधिक गर्मी बढेसंगै मधेश प्रदेशलगायतका क्षेत्रमा सर्पदंशका घटनाबढ्नथालेकाछन् । खेतबारीमा काम गर्ने किसानदेखि घरको छतमा निस्कने बालबालिकासम्म सर्पदंशको जोखिममा परेका छन् । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पछिल्ला दिनमा सर्पले डसेका बिरामीको चाप बढ्दै गएको छ । अस्पतालका अनुसार दैनिक नौ जनासम्म सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन् ।



आइतबार छिन्नमस्ता गाउँपालिका-३ सखडाकी ४५ वर्षीया पवित्रीदेवी शर्मा धानखेत गोड्दै गर्दा बिहान करिब ११ बजे सर्पको डसाइमा परिन् । खेतमा उनीसँगै रहेका व्यक्तिले तत्काल गुहार गरेपछि ई-रिक्सा बोलाएर उनलाई राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुर्‍याइएको थियो ।

यसैगरी शनिबार साँझ राजविराज नगरपालिका-९ विहारपुरका १५ वर्षीय विष्णुकुमार मण्डल घरअगाडि हिँडिरहेका बेला सर्पले डस्यो । सर्पले डसेको थाहा पाउनेबित्तिकै उनलाई अस्पताल ल्याएर उपचार शुरु गरिएको थियो ।

सोही राति राजविराज नगरपालिका-१५ देउरी भरुवाकी १६ वर्षीया संगिताकुमारी यादव पनि सर्पदंशमा परिन् । मामाघर विष्णुपुर गाउँपालिका-१ पर्साही पुगेकी उनी अत्यधिक गर्मीका कारण राति छतमा जान खोज्दै थिइन् । भर्‍याङबाट छतमा पुग्नुअघि नै उनलाई सर्पले डसेको थियो । राति करिब ८ बजे उनलाई अस्पताल पुर्‍याइएको थियो ।

अस्पतालका आकस्मिक कक्षमा अन्य रोगका बिरामीको समेत चाप रहेका कारण तीनै जनालाई भुइँमै राखेर उपचार गर्नुपरेको थियो । यसलेसर्पदंशकोजोखिमसँगै उपचारका लागि आवश्यक पूर्वाधार र जनशक्तिमाथिको दबाबसमेत देखाएको छ ।

गजेन्द्रनारायण सिंह अस्पतालका सूचना अधिकारी दिपेन्द्रकुमार यादवका अनुसार सर्पदंशका बिरामीको संख्या पछिल्लो समय निरन्तर बढिरहेको छ । उनका अनुसार साउनमा मात्रै ८७ जना सर्पदंशका बिरामी उपचारका लागि अस्पताल आएका छन् । त्यसअघि वैशाख, जेठ र असारमा गरी ७६ जना सर्पदंशका बिरामी उपचारका लागि आएको अस्पतालको तथ्यांक छ ।

वर्षा, बाढी र गर्मीका कारण जमिन तथा घरका दुलो-कुना र झाडीमा रहेका सर्प बाहिर निस्कने भएकाले मनसुनको समयमा सर्पदंशका घटना बढ्ने गरेको यादव बताउँछन् ।

अस्पतालका जिन्सी फाँट प्रमुख नायब सुब्बा रेमन्तकुमार यादवका अनुसार केही समयअघि अस्पतालमा १४० भाइल एन्टिस्नेक भेनम रहेकोमा गत बुधबार सिरहाको रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताललाई ३० भाइल हस्तान्तरण गरिएको थियो । त्यसपछि अस्पतालसँग करिब १०० भाइल भेनम बाँकी रहेको उनले बताए ।

सर्पदंशको जोखिम बढिरहँदा मधेशसहितको धनुषा, सर्लाही, महोत्तरी, सप्तरीलगायतका जिल्लामा मृत्युका घटनासमेत भएका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार साउनमा मात्रै सर्पदंशका कारण तीन जनाको मृत्यु भइसकेको छ । साउन १९, २४ र २६ गते एक-एक जनाको सर्पदंशबाट मृत्यु भएको प्रहरी प्रवक्ता डीएसपी हेमराज घिमिरेले जानकारी दिए ।

सर्पदंशलाई सामान्य घटना ठान्दा पनि जोखिम बढ्ने चिकित्सकहरूको भनाइ छ । नेपाल सरकारको सर्पदंश उपचारसम्बन्धी राष्ट्रिय निर्देशिकाले पनि विषालु सर्पको विष शरीरमा फैलिएपछि एन्टिभेनम नै विशिष्ट उपचार हुने उल्लेख गरेको छ । नेपालमा प्रयोग हुने एन्टिभेनम सीमित र महँगो भएकाले चिकित्सकीय आवश्यकता अनुसार प्रयोग गर्नुपर्ने निर्देशिकामा उल्लेख छ ।

स्वास्थ्य सेवा विभागको आर्थिक वर्ष २०८१/८२ को तथ्यांकअनुसार नेपालभर ९ हजार १२० सर्पदंशका घटना अभिलेख भएका थिए । तीमध्ये मधेश प्रदेशमा मात्रै १ हजार ३६६ घटना दर्ता भएका छन् । सो वर्ष कोशीमा २ हजार ९८३, लुम्बिनीमा २ हजार ४०७ र गण्डकीमा १ हजार ४५६ सर्पदंशका घटना दर्ता भएका थिए ।


यसअघि आर्थिक वर्ष २०७९/८० मा पनि मधेशमा १ हजार ४६० सर्पदंशका घटना अभिलेख भएका थिए । त्यस वर्ष देशभर ९ हजार १२० घटना दर्ता भएका थिए ।

नेपालको स्वास्थ्य सेवा विभागअन्तर्गतको महामारी तथा रोग नियन्त्रणसम्बन्धी निकायले पनि सर्पदंशलाई महत्वपूर्ण चिकित्सकीय आपत्कालका रूपमा लिएको छ । विशेषगरी किसान, खेतीपाती तथा वृक्षरोपणमा संलग्न श्रमिक र बालबालिका बढी जोखिममा पर्ने उल्लेख गरिएको छ ।

सर्पदंशको जोखिमलाई ध्यानमा राख्दै संघीय सरकारले पछिल्ला वर्षमा एन्टिस्नेक भेनमको आपूर्ति बढाउने प्रयास गर्दै आएको छ । २०८२ सालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सातै प्रदेशमा एन्टिस्नेक भेनम पठाएको थियो । त्यतिबेला मधेश प्रदेशमा सर्पदंशका घटना बढी हुने भन्दै अन्य प्रदेशको तुलनामा बढी अर्थात् २ हजार ५०० भाइल एन्टिभेनम पठाइएको मन्त्रालयको विवरण सार्वजनिक भएको थियो । मन्त्रालयले आगामी महिनामा आपूर्ति थप बढाउने तयारीसमेत जनाएको थियो ।

स्वास्थ्य सेवा विभागको हालको वेबसाइटमा पनि एन्टिस्नेक भेनम सिरम खरिदसम्बन्धी सूचनासमेत प्रकाशित भएको देखिन्छ । यसले सरकार नियमित खरिद र आपूर्तिको प्रक्रियामा रहेको देखाए पनि अस्पताल तहमा पर्याप्त मौज्दात र समयमै वितरण सुनिश्चित हुनु मुख्य चुनौती बनेको छ ।

यता मधेश प्रदेश सरकारले पनि सर्पदंश उपचारलाई प्राथमिकतामा राखेको छ । आर्थिक वर्ष २०८३/८४ को बजेटमा तराई-मधेशमा प्रमुख स्वास्थ्य समस्याका रूपमा रहेको सर्पदंशको उपचार सर्वसुलभ बनाउन आधारभूत स्वास्थ्य केन्द्रमा एन्टिस्नेक भेनमसहित सर्पदंश उपचार केन्द्र विस्तार गर्ने योजना अघि सारेको छ ।

# आफ्नै प्रशासनिक भवनमा पुग्यो परोहाको सेवा

**टुडे समाचारदाता**

रौतहट । रौतहटको दक्षिणी सीमावर्ती क्षेत्रस्थित परोहा नगरपालिकाले अब भाडाको वा अस्थायी संरचनाबाट होइन, आफ्नै सुविधासम्पन्न प्रशासनिक भवनबाट नगरवासीलाई सेवा दिन थालेको छ।




नगर प्रमुख शेख वकिलको पहलमा निर्माण सम्पन्न भएको नवनिर्मित प्रशासनिक भवनको दुई दिनअघि विशेष समारोहबीच उद्घाटन गरिएको हो। भवन उद्घाटनसँगै नगरपालिकाको दैनिक प्रशासनिक कामकाज तथा सेवा प्रवाह नयाँ भवनबाटै सञ्चालनमा आएको छ।

करिब १३ करोड ५० लाख रुपैयाँको लागतमा बनेको भवनमा ३५ वटा कोठा र एउटा सभाहल रहेको नगरपालिकाले जनाएको छ। भवन निर्माणमा संघीय सरकार र नगरपालिकाको ५०-५० प्रतिशत लगानी रहेको बताइएको छ।

करिब पौने दुई बिघा क्षेत्रफलमा फैलिएको नगरपालिकाको परिसरमा प्रशासनिक भवनसँगै कृषि भवन र नगर अस्पतालका संरचनासमेत निर्माण गरिएको छ। नगर प्रमुख वकिलका अनुसार यी संरचना पूर्ण रूपमा सञ्चालनमा आएपछि नगरवासीले एउटै परिसरबाट प्रशासनिक, स्वास्थ्य तथा कृषि सेवा लिन सक्नेछन्।

नयाँ प्रशासनिक भवन सञ्चालनमा आएसँगै सेवाग्राहीलाई सेवा लिन विभिन्न स्थानमा धाउनुपर्ने बाध्यता हट्ने र सेवा प्रवाह थप छिटो, सहज तथा व्यवस्थित हुने नगरपालिकाको विश्वास छ।

नगर प्रमुख वकिलले आधुनिक पूर्वाधारसहितको भवनले प्रशासनिक कामलाई प्रभावकारी बनाउन सहयोग पुग्ने बताउँदै नगरवासीलाई पारदर्शी, सहज र गुणस्तरीय सेवा दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

नगर अस्पताल सञ्चालनमा आएपछि स्थानीय नागरिकले सहज रूपमा स्वास्थ्य सेवा पाउने तथा कृषि भवनमार्फत किसानलाई प्राविधिक परामर्श र आवश्यक कृषि सेवा उपलब्ध गराउन सहज हुने उनको भनाइ छ।

एउटै परिसरमा प्रशासन, स्वास्थ्य र कृषि सेवा उपलब्ध हुने भएपछि सेवाग्राहीको समय, श्रम र खर्चसमेत बचत हुने अपेक्षा गरिएको छ। स्थानीय नागरिक अगुवाहरूले नवनिर्मित प्रशासनिक भवनलाई परोहा नगरपालिकाको पूर्वाधार विकाससँगै सुशासन र प्रभावकारी सेवा प्रवाहतर्फको महत्वपूर्ण कदमका रूपमा लिएका छन्।

नगरपालिकाको प्रशासनिक केन्द्र लौकाहा बजारमा रहेको छ। आफ्नै आधुनिक प्रशासनिक भवन सञ्चालनमा आएसँगै परोहा नगरपालिकाले नागरिकलाई थप व्यवस्थित, प्रविधिमैत्री र सेवाग्राहीकेन्द्रित सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ।

# मेयर सिंहविरुद्धको मुद्दामा साक्षी बुझ्ने आदेश

**टुडे समाचारदाता**

वीरगञ्ज । निलम्बित वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्धको मुद्दामा विशेष अदालतले साक्षी बुझ्ने आदेश दिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गलत लिखत तयार गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेपछि उनी निलम्बनमा रहेका छन्।



विशेष अदालतको इजलास नम्बर-२ मा सोमबार भएको सुनुवाइपछि न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त बराल, हेमन्त रावल र विदुर खोरैलाको इजलासले मुद्दामा साक्षी बुझ्ने आदेश गरेको हो।

विशेष अदालतमा ०८२-ऋच-०१५२ नम्बरमा दर्ता रहेको उक्त मुद्दामा अब साक्षी बुझ्ने प्रक्रिया अघि बढ्ने भएको छ। अख्तियारले गत जेठ २६ गते मेयर सिंहसहित सात जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। मुद्दामा सिंहसँगै वीरगञ्ज महानगरपालिका-३ का तत्कालीन वडासचिव भिखारी राय, कार्यवाहक वडाध्यक्ष तुफैल अख्तर ठकुराई, पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी षड्कुमार पोखरेललगायत सरकारी कर्मचारी तथा गृह मन्त्रालयद्वारा गठित छानबिन समितिका पदाधिकारीलाई प्रतिवादी बनाइएको छ।

अख्तियारका अनुसार मेयर सिंहले अर्काकी छोरी रुविना श्रेष्ठलाई आफ्नी छोरीका रूपमा प्रस्तुत गरी झुट्टा विवरणका आधारमा जन्मदर्ता, नागरिकता तथा राहदानी बनाउन सरकारी कर्मचारीसँग मिलेमतो गरेका थिए।

आयोगले वीरगञ्ज महानगरपालिका-३ मा २०७१ कात्तिक २० गते रुविना श्रेष्ठको जन्मदर्ता प्रमाणपत्र जारी भएको र त्यसकै आधारमा २०७५ साउन १३ गते जिल्ला प्रशासन कार्यालय पर्साबाट नागरिकता जारी भएको दाबी गरेको छ।

जन्मदर्ता प्रमाणपत्र तयार गर्ने क्रममा जानीजानी गलत लिखत तयार पारिएको, सरकारी अभिलेखमा गैरकानुनी हेरफेर गरिएको तथा अभिलेख लुकाउने र नष्ट गर्ने कामसमेत भएको अख्तियारको आरोप छ।

गैरकानुनी रूपमा नागरिकता जारी भएको विषयमा सत्यतथ्य पत्ता लगाउन गृह मन्त्रालयले गठन गरेको छानबिन समितिको प्रतिवेदनमाथि समेत अख्तियारले प्रश्न उठाएको छ। तत्कालीन उपसचिव पुष्कर रानाको संयोजकत्वमा गठित समितिमा शाखा अधिकृत परशुराम पोखरेल सदस्य थिए। समितिले सम्बन्धित कागजात नष्ट भइसकेको उल्लेख गर्दै थप अनुसन्धान वा कारबाही आवश्यक नरहेको निष्कर्ष निकालेको थियो। तर अख्तियारले वास्तविक तथ्य लुकाएर कसुर ढाकछोप गर्ने उद्देश्यले गलत प्रतिवेदन तयार पारिएको दाबी गरेको छ।

विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएपछि मेयर सिंहले आफूलाई पदमा निरन्तर काम गर्न दिनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सर्वोच्च अदालतको पूर्ण इजलासले गत साउन १२ गते उक्त रिट खारेज गरिदिएको थियो। त्यसपछि विशेष अदालतमा सिंहविरुद्धको भ्रष्टाचार मुद्दाको सुनुवाइ अघि बढेको हो।


मेयर सिंहविरुद्ध जिल्ला अदालत पर्सामा समेत चारवटा फौजदारी मुद्दा विचाराधीन छन्। जिल्ला सरकारी वकिल कार्यालय पर्साले २०८२ जेठ १ गते झुट्टा विवरण पेस गरी नागरिकता प्राप्त गरेको तथा लिखतसम्बन्धी कसुरमा दुई-दुईवटा गरी चारवटा मुद्दा दायर गरेको थियो।

ती मुद्दामा अदालतबाट पक्राउ पुर्जी जारी भएपछि सिंह केही समय सम्पर्कविहीन भएका थिए। पछि उनलाई पर्साको ठोरी क्षेत्रबाट पक्राउ गरिएको थियो। अदालतले उनलाई ४ लाख १५ हजार रुपैयाँ धरौटीमा रिहा गरेको थियो।

# सक्ने नभए मार्ग प्रशस्त गर्न सरकारलाई राउतको चेतावनी

**टुडे समाचारदाता**

काठमाण्डू। जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउतले सरकारले काम गर्न नसक्ने भए मार्ग प्रशस्त गर्न चेतावनी दिएका छन्।



सोमबार काठमाडौंमा 'डेडिकेटेड तथा ट्रंक लाइन'को बक्यौता महसुल उठाउन र विद्युत्मा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) खारेजीको माग गर्दै सुरु गरिएको वृहत् हस्ताक्षर अभियानलाई सम्बोधन गर्दै अध्यक्ष राउतले सरकारको कर नीतिको आलोचना गर्दै यस्तो बताएका हुन्।

सरकारले शिक्षा, स्वास्थ्य र विद्युत् जस्ता आधारभूत आवश्यकतामा कर लगाएर जनतालाई थप सास्ती दिएको आरोप लगाउँदै राउतले वर्तमान सरकारले इतिहासमै पहिलोपटक शिक्षा, स्वास्थ्यसँगै विद्युत् जस्तो संवेदनशील क्षेत्रमा ५ प्रतिशत भ्याट लगाएको दाबी गरे।

आधारभूत आवश्यकतामै कर लगाउँदा सर्वसाधारणको जीवनयापन थप महँगो बन्ने उनको भनाइ थियो। नेपालले विद्युत् उत्पादनमा आत्मनिर्भर बन्ने र विद्युत् निर्यात गर्ने लक्ष्यका साथ अघि बढिरहेको अवस्थामा आफ्नै नागरिकले विद्युत् खपत गर्दा कर तिर्नुपर्ने अवस्था विडम्बनापूर्ण भएको उनले बताए।

लोडसेडिङ अन्त्य गरेर आफ्नो क्षमता प्रमाणित गरिसकेका व्यक्ति हुँदाहुँदै र ठूलो परिमाणमा विद्युत् खेर गइरहेको अवस्थामा समेत सरकारले प्रभावकारी व्यवस्थापन गर्न नसकेको भन्दै उनले सरकारको कार्यक्षमतामाथि प्रश्न उठाए।

अध्यक्ष राउतले 'उज्यालो नेपाल' अभियानका संवाहकका रूपमा कुलमान घिसिङको योगदानको चर्चा गर्दै विद्युत् क्षेत्र व्यवस्थापनमा सरकारले आवश्यक क्षमता देखाउन नसकेको बताए। सरकार सञ्चालन गर्ने ढङ्ग नपुगे आफूहरू विकल्प दिन तयार रहेको उनको भनाइ थियो। विद्युतमा लगाइएको कर फिर्ता नगरे सरकारले नैतिकताका आधारमा मार्गप्रशस्त गर्नुपर्ने उनले बताए।

'जुनसुकै सरकार आए पनि शिक्षा, स्वास्थ्य र विद्युतमा सहुलियत दिने वाचा गर्थे, तर यो सरकारले तिनै आधारभूत कुरामा कर थोपरेको छ,' राउतले भने।

विद्युतमा कर बढ्दा होटल, स्टुडियो, सैलुनदेखि विद्युतीय सवारीसाधन चार्ज गर्नेसम्मका क्षेत्रमा लागत बढ्ने र त्यसको प्रत्यक्ष असर उपभोक्तामा पर्ने उनले बताए। विद्युत् महसुलसमेत बढेको दाबी गर्दै राउतले सर्वसाधारण आर्थिक दबाबमा परेको बताए।

उनले सरकारको पछिल्लो कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै जनताले ग्यास, राहदानी तथा अस्पतालमा समेत लामो लाइन बस्नुपर्ने अवस्था रहेको बताए। आधारभूत सेवा सहज रूपमा उपलब्ध गराउन नसक्ने र उल्टै करको भार थप्दै जाने हो भने जनतामा असन्तुष्टि बढ्ने उनले चेतावनी दिए।

'एकातर्फ ग्यास पाइँदैन, अर्कातर्फ बिजुलीमा कर लगाइन्छ। जनता भोकै कति दिन बस्न सक्छन् ? यो अवस्थाले ठूलो विद्रोह निम्त्याउन सक्छ,' उनले भने। प्रधानमन्त्रीको कार्यशैलीमाथि समेत टिप्पणी गर्दै राउतले प्रधानमन्त्रीलाई आफ्नै दल, कर्मचारी संयन्त्र र सल्लाहकारबाट पर्याप्त सहयोग नभएको जस्तो देखिएको बताए।

# वीरगञ्ज चिनी कारखाना सञ्चालनका लागि कार्यदल गठन

**टुडे समाचारदाता**

वीरगञ्ज । संघीय सरकारले वर्षौंदेखि बन्द रहेको वीरगञ्जस्थित चिनी कारखाना पुनः सञ्चालनमा ल्याउने सम्भाव्यताबारे अध्ययन गर्न कार्यदल गठन गरेको छ।

मन्त्रिपरिषद्को निर्णयअनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यदल गठन गरेको मन्त्रालयका मन्त्री गौरीकुमारी यादवको सचिवालयले जनाएको छ। कार्यदललाई कारखानाको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सीडीई श्रीकान्त यादव रहेका छन्। सदस्यमा मन्त्रालयका शाखा अधिकृत र उद्योग विभागका अधिकृत प्रतिनिधि छन्।

कार्यदलले कारखाना परिसरमा रहेका भवन, कारखाना संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्था र तिनको उपयोगिताबारे समेत अध्ययन गर्नेछ। पुराना संरचना तथा मेसिनरीको प्रयोगबाट कारखाना पुनः सञ्चालन गर्न



सकिने अवस्था छ कि नयाँ प्रविधि र संरचना आवश्यक पर्छ भन्ने विषय पनि अध्ययनको दायरामा राखिएको छ।

कार्यदललाई कारखानाको वर्तमान अवस्था अध्ययन गरी पुनः सञ्चालनको सम्भाव्यता र आवश्यक कार्ययोजना तयार गर्ने जिम्मेवारी दिइएको बुझिएको छ।

खारेजीमा परेको वीरगन्ज चिनी कारखानाको वर्तमान अवस्था, विगतमा भएका निर्णय, पुनः सञ्चालनका लागि यसअघि तयार भएका अध्ययन तथा प्रतिवेदन र अब चाल्नुपर्ने कदमबारे कार्यदलले अध्ययन गर्नेछ।

कार्यदलले अध्ययन पूरा गरी १५ दिनभित्र सरकारलाई प्रतिवेदनबुझाउनुपर्नेछ।कार्यदलको

यस्तै, वीरगन्ज चिनी कारखानाको स्वामित्वमा रहेको जग्गालगायत सम्पत्तिको अवस्थासमेत अध्ययन गरिने भएको छ। सम्पत्तिसँग सम्बन्धित समस्या पहिचान गरी समाधानका लागि आवश्यक कानुनी तथा व्यवस्थापकीय विकल्प तयार गर्ने जिम्मेवारी पनि कार्यदललाई दिइएको छ।

# मधेशमा नयाँ नेतृत्व बिहिनतको अवस्था छ : पूर्व न्यायाधीस लाल

**टुडे समाचारदाता**

काठमाण्डू । पूर्व न्यायाधीस गिरिश चन्द्र लालले मधेसका पुराना नेताहरूको परिक्षण भइसको र नयाँ नेतृत्व आउन नसकेको कारण नेतृत्व बिहिनताको अबस्था आएको बताएका छन्।




सहिद संजय चौधरी स्मृति प्रतिष्ठानद्वारा आयोजित 'मधेसः अबको बाटो' बिषयको अन्तक्रिया उनले यस्तो बताएका हुन। लालले पुराना नेताहरूको विकल्पमा नयाँ नेतृत्व आउन नसक्दा मधेशको राजनीतिमा नेतृत्वविहीनताको अवस्था सिर्जना भएको धारणा राखे।

उनले विगतकै शैली र परम्परागत राजनीतिक अभ्यासबाट मात्रै अब नयाँ नेतृत्व स्थापित हुन नसक्ने बताए। मधेशको वास्तविक समस्या र जनताको अपेक्षा सम्बोधन गर्न सक्ने नेतृत्व पहिचान गर्न गम्भीर प्रयास आवश्यक रहेको उनको भनाइ थियो।

'जनताको वास्तविक हितमा काम गर्ने नेताको खोजी हुनुपर्छ,' लालले भने, 'यसका लागि युवा पुस्ताले नै सक्रिय भएर मेहनत गर्न जरुरी छ।'

मधेशको राजनीतिक भविष्य निर्माणका लागि नयाँ पुस्ताले सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै उनले नेतृत्वमा नयाँ सोच, क्षमता र जनउत्तरदायित्व आवश्यक रहेको बताए। पुरानो राजनीतिक अभ्यासको निरन्तरताभन्दा जनताका वास्तविक सरोकारलाई केन्द्रमा राखेर नयाँ राजनीतिक संस्कार विकास गर्नुपर्ने उनको धारणा थियो। कार्यक्रममा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले संविधान संशोधनको विषय मधेशका लागि संवेदनशील रहेको बताए। उनले वर्तमान राजनीतिक परिस्थितिमा संविधान संशोधन गर्दा मधेसले विगतका आन्दोलन र संघर्षबाट प्राप्त गरेका अधिकारसमेत गुम्ने जोखिम रहेको दाबी गरे।

मधेशको राजनीतिलाई वर्तमान परिस्थिति अनुसार अत्यन्तै सचेत र रणनीतिक ढंगले अघि बढाउनुपर्नेमा जोड दिँदै त्रिपाठीले प्राप्त उपलब्धिको संरक्षणसँगै थप अधिकारका लागि राजनीतिक पहल आवश्यक रहेको बताए।

उनले मधेशकेन्द्रित राजनीतिक दलहरूले समेत आफ्नो कार्यशैली र संगठनात्मक संरचनामा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याए।

जनताको अपेक्षा र बदलिँदो राजनीतिक परिस्थितिअनुसार आफूलाई रूपान्तरण गर्न नसके मधेशकेन्द्रित दलहरूको प्रभाव थप कमजोर हुन सक्ने उनको भनाइ थियो। अन्तरक्रियामा मधेशको आगामी राजनीतिक यात्रामा नयाँ पुस्ताको भूमिकालाई विशेष महत्व दिनुपर्ने धारणा पनि व्यक्त गरिएको थियो। पुराना संघर्ष र आन्दोलनबाट प्राप्त अनुभवलाई आत्मसात गर्दै नयाँ पुस्ताले राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनका लागि रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए।

मधेश आन्दोलनको पृष्ठभूमि, त्यसले स्थापित गरेका राजनीतिक उपलब्धि, वर्तमान मधेशको अवस्था तथा आगामी दिनमा लिनुपर्ने राजनीतिक, सामाजिक र आर्थिक दिशाबारे गहन छलफल गरिएको थियो।

प्रतिष्ठानकी अध्यक्ष तथा शहीद सञ्जय चौधरीकी बहिनी ममता चौधरीको अध्यक्षतामा आयोजितकार्यक्रममापूर्वन्यायाधीश गिरिशचन्द्र लाल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, मधेश प्रदेशका पूर्व मुख्यन्यायाधिवक्ता सुरेन्द्र महतो तथा सहजकर्ता अधिवक्ता आनन्द गुप्तालगायत विभिन्न क्षेत्रका प्रबुद्ध व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | बिना प्रतिस्पर्धा फाइदा हुने योग छ। |
| वृष : | मानसम्मान र प्रशंसा प्राप्त हुने सम्भावना छ। |
| मिथुन : | आथज शुभकार्यको चर्चा चल्नेछ। परोपकारमा रुद्धि बढ्नेछ। |
| कर्कट : | आजको दिन प्रतिकुल समय छ, संयम रहनु होला। |
| सिंह : | आज मन खिन्न हुने स्थिति आउन सक्छ। |
| कन्या : | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। |
| तुला : | आजको इच्छा र आकांक्षा पूर्ण हुन सक्छ। जोशजाँगर र हिम्मत बढ्नेछ। |
| वृश्चिक : | प्रेमीको सहयोग पनि पाइनेछ, तर स्वास्थ्य प्रति चैं सजय रहनु होला। |
| धनु : | आज सरकारी निकायको भय रहला। |
| मकर : | कुटनीतिक नियोगको सहयोग मिल्नेछ। कुनै कुराले मन प्रसन्न रहला। |
| कुम्भः | आफ्नो क्षेत्रमा प्रभुत्व जमानउ सकिनेछ। पुनर्मिलनको योग रहेको छ। |
| मीनः | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मिथिला क्षेत्रमा 'लगपाँच' पर्व सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशसहित जनकपुरधाममा 'लगपाँच' पर्व सम्पन्न भएको छ । यस पर्वमा नाग (सर्प) प्रजातिका जीवको पूजा गरेर मनाइन्छ । यस वर्ष भदौ सङ्क्रान्तिका दिन उक्त पर्व मनाउन लागिएको छ ।



हिन्दू मैथिल परम्पराको 'लगपाँच' पर्वमा घरका चारैतिर भित्तामा गाईको गोबरले नागको चित्र कोरिन्छ । गोबरले कोरिएको चित्रमा दुबो, सिन्दूर र अक्षता चढाइँदै नाग देवताको पुकारा र पूजा गरिन्छ ।

यस दिन नागले रुचाउने दूध, लावा (धान र जुनेलो भुटेर बनाइएको परिकार) चढाइने मैथिल परम्परा छ । मिथिला धैरैजसो पर्वविधि घरकी मुख्य महिलाले गर्ने चलनअनुसार यो पर्वको पूजा घरकी गृहिणीले गर्ने गर्छन् ।

मिथिलामा 'लगपाँच' लगालग चाडबाड आउन थालेका सूचनाका रूपमा लिने गरिन्छ । 'लगपाँच' लगत्तै राखी (रक्षाबन्धन), भदैया रैब, कृष्णाष्टमी, कुशे अमावश्या चौरचन, इन्द्रजात्रा, पितृपक्ष, जितिया, दशहारा, दीपावली, छठलगायत पर्व एकपछि अर्को आउने हुँदा 'लगपाँच' लाई चाडबाड सुरु भएको सूचना मान्ने गरिएको छ ।

घरको भित्तामा गाईको गोबरले नागचित्र कोरेर पूजा गरेमा वर्षभरि सर्पको भय नहुने धार्मिक विश्वास रहेको छ ।

# पत्रकार श्रेष्ठ रिहा उपसभामुखले पनि दिइन जाहेरी

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्वोच्चअदालतलेपत्रकारकिशोर श्रेष्ठलाई रिहा गर्न परमादेश जारी गरेको छ ।



उनकी पत्नी सरस्वती श्रेष्ठले सर्वोच्चमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै रिहा गर्न परमादेश जारी गरिएको हो । सर्वोच्चले उनलाई हाजिरी जमानीमा छाडी वा तारिखमा राखेर अनुसन्धान गर्न भनेको हो ।

न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले उनलाई रिहा गर्न आदेश दिएको हो । जनआस्था अनलाइनमा छापिएको एक समाचार र तस्वीरका कारण वैयक्तिक गोपनीयताको हक हनन भएको भन्दै प्रहरीले उनलाई गत साउन २७ गते पक्राउ गरेको थियो ।

त्यसयता उनलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको थियो । श्रेष्ठले समाचारमा राखेको उक्त तस्वीर जाहेरवाला आफैंले सामाजिक सञ्जालमा प्रविष्ट गरेको देखिएको र उक्त तथ्यलाई विपक्षीले खण्डन गर्न नसकेको आदेशमा उल्लेख गरिएको छ ।

यसैबीच उपसभामुख रुबीकुमार ठाकुरले पनि पत्रकार किशोर श्रेष्ठविरुद्ध प्रहरीमा जाहेरी दिएकी छन् । जनआस्था साप्ताहिकमा आफ्नोबारेमा गलत समाचार प्रकाशित गरेको भन्दै उनले प्रहरी गुहारेकी हुन् । अर्को जाहेरी दर्ता भएपछि श्रेष्ठलाई प्रहरीले फेरि पक्राउ गर्न सक्ने आशंका गर्न थालिएको छ ।

संचारकर्मीसँग कुरा गर्दै ठाकुरले भनिन् आफ्नो 'दाइ' सँगको सम्बन्धलाई अन्यथा चित्रण गरेर समाचार लेखेकाले न्याय खोजेको हो । 'उहाँ (दीपकजङ्ग) मेरो राखी बाँध्ने दाइ हो । अघिल्लो साल पनि बाँधेको, यो साल पनि बाँध्छु । तर जनआस्थाले हामीले गाडीमा चुम्बन गरेको भनेर समाचार हालेर चरित्र हत्या गरेको छ । त्यसको विरुद्धमा जाहेरी दिएको हुँ,' उनले भनिन् ।

उपसभामुख ठाकुरको तर्फबाट उनको सचिवालयका व्यक्तिहरु जाहेरी दिन जिल्ला प्रहरी कार्यालय ललितपुर पुगेका थिए । २ पेजको जाहेरीमा प्रकाशित समाचारले आफ्नो इज्जत र प्रतिष्ठामा अपूरणीय क्षति पुर्‍याएको उल्लेख छ ।

# मिथिलाका ११० जग्गाविहिनले पाए लालपुर्जा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-४ का जग्गाविहिन सुकुम्बासीलेहरुले नापजाँच सम्पन्न भएको करिब ११ वर्षपछि जग्गाधनी पुर्जा प्राप्त गरेका छन् ।

नापी कार्यालय धनुषाले साविक कजरारमौल गाउँ विकास समिति अन्तर्गत पर्ने गाउँ ब्लक (स्ववासी) जग्गाको प्रक्रिया पूरा गर्दै ११० स्थानीयलाई जग्गाधनी पुर्जा वितरण गरेको हो ।

उक्त क्षेत्रमा आर्थिक वर्ष २०७१/७२ मै जग्गाको नापजाँच तथा नापनक्साको काम सम्पन्न भएको थियो । तर, नापजाँचपछि जग्गा दर्ताका लागि आवश्यक प्रक्रिया अघि बढाउन स्थानीयको जनसहभागिता न्यून भएपछि लामो समयसम्म पुर्जा वितरण हुन सकेको थिएन ।

नापजाँच सम्पन्न भए पनि दर्ता प्रक्रिया पूरा हुन नसक्दा वर्षौंदेखि स्थानीयवासी जग्गाको स्वामित्वसम्बन्धी आधिकारिक प्रमाणबाट वञ्चित रहँदै आएका थिए । आयोगमार्फत यसअघि नापनक्सा भइसकेका गाउँ ब्लक तथा स्ववासी जग्गाको बाँकी प्रक्रिया पूरा गरी अहिले पुर्जा वितरण गरिएको नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारले बताए ।

उनका अनुसार आवश्यक कागजात, विवरण तथा अन्य प्रक्रियाहरू पूरा गरेपछि ११० परिवारलाई ११० थान जग्गाधनी पुर्जा उपलब्ध गराइएको हो । लामो समयपछि जग्गाको कानुनी स्वामित्व प्रमाणित गर्ने पुर्जा पाएपछि स्थानीयवासीले राहत महसुस गरेका छन् ।

जग्गाधनी पुर्जा प्राप्त भएपछि जग्गाको स्वामित्व सुरक्षित हुनुका साथै भविष्यमा सम्बन्धित जग्गासँग जोडिएका प्रशासनिक तथा कानुनी काम सहज हुने विश्वास गरिएको छ । नापजाँच सम्पन्न भएको लामो समयसम्म पनि दर्ता प्रक्रिया अघि बढ्न नसक्दा गाउँ ब्लक तथा स्ववासी जग्गाका अन्य बासिन्दासमेत पुर्जाको पर्खाइमा रहेका छन् ।

# मल नीतिसम्बन्धी अध्ययन गर्न कार्यदल गठन

काठमाण्डु । सरकारले मलसम्बन्धी देखिएका समस्याहरुको अल्पकालीन र दीर्घकालीन समाधानसहितको विकल्प सिफारिस गर्न कार्यदल गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको नीति विश्लेषण तथा समन्वय शाखाले आज विभिन्न मन्त्रालय तथा निकायका प्रतिनिधि सम्मिलित 'मल नीतिसम्बन्धी अध्ययन कार्यदल' गठन गरेको प्रधानमन्त्री कार्यालयका प्रवक्ता सहसचिव हेमराज अर्यालले जानकारी दिनुभयो ।




प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव प्रधुम्न उपाध्यायको संयोजकत्वमा गठित १२ सदस्यीय कार्यदलले कार्य प्रारम्भ गरेको ६० दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश पाएको छ । प्रवक्ता अर्यालका अनुसार कार्यदलले हालको सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार मल खरिदमा देखिएका प्रक्रियागत अवरोधको विश्लेषण गरी सरलीकरणका उपाय सिफारिस गर्नेछ । साथै अन्तरराष्ट्रिय आपूर्ति शृ़ङ्खला लामा आउने उतारचढावलाई कम गर्न र ढुवानी व्यवस्थापनलाई थप चुस्त बनाउन अल्पकालीन तथा दीर्घकालीन रणनीतिको सुझाव पेस गर्नेछ ।

कार्यादेशअनुसार कार्यदलले स्वदेशमा प्राङ्गारिक मल उत्पादनको सम्भाव्यता र प्रयोगलाई बढावा दिन आवश्यक पर्ने नीतिगत सुधारका सुझाव पेस गर्नुका साथै रासायनिक तथा प्राङ्गारिक मलमा दिइने अनुदानबीच सन्तुलन कायम गर्ने सम्भावनाबारे पनि अध्ययन गर्नेछ । त्यसैगरी प्राङ्गारिक मलतर्फको अनुदान रकमको प्रभावकारी उपयोगका लागि विद्यमान कार्यविधि पुनरावलोकन गरी आवश्यक सुझाव दिनेछ ।

प्रवक्ता अर्यालका अनुसार कार्यदलले स्वदेशमै हरित रासायनिक मल कारखाना स्थापना वा उत्पादनको सम्भावना र त्यसका लागि आवश्यक पूर्वाधारको अवस्थाबारे अध्ययन गर्नुका साथै हाल उपलब्ध गराइँदै आएको अनुदानको वितरण प्रणाली र यसको प्रभावकारिताको पुनरावलोकन गरी सुधारका उपाय सुझाउने छ ।

त्यसैगरी मल आपूर्ति तथा व्यवस्थापनमा संलग्न विभिन्न निकायबीच समन्वय अभिवृद्धि गर्ने संयन्त्र प्रस्ताव गर्ने, यसअघि भएका अध्ययन प्रतिवेदनको अध्ययन र विश्लेषण गरी आवश्यक सुझाव दिने जिम्मेवारी कार्यदललाई दिइएको छ । कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव उपाध्याय संयोजक तथा कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठ, वरिष्ठ माटो वैज्ञानिक श्रीप्रसाद विष्ट, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव भीम भट्टराई, नेपाल विद्युत् प्राधिकरणका निर्देशक मुनिन्द्र ठाकुर, डिभिजन वन कार्यालय ललितपुरका वन अधिकृत संयोग बस्नेत सदस्य रहनुहुनेछ ।

त्यसैगरी कार्यदलमा उद्योगविभागकाप्रोसेस(केमिकल) इञ्जिनियर सुनिलकुमार यादव, कृषि वन तथा पर्यावरण मन्त्रालयका बाली विकास अधिकृत उज्वला साहु श्रेष्ठ, राष्ट्रिय किसान आयोग, कीर्तिपुरका पशुपंक्षी विकास अधिकृत डा सुन्दर बस्याल, प्रधानमन्त्रीका स्वकीय अनुसन्धान अधिकृत हेमनारायण दास चौधरी र अर्थमन्त्रालयका अर्थशास्त्री कृष्णप्रसाद शर्मा सदस्य हुनुहुन्छ ।

साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गतको नीति विश्लेषण तथा समन्वय शाखाका प्रतिनिधि कार्यदलमा सदस्य सचिव रहनुहुनेछ । कार्यदलले आवश्यकताअनुसार विज्ञ आमन्त्रण गर्न सक्ने बताइएको छ । रासस

# ग्यासको अभाव समाधान गर्न सरकारको ध्यानाकर्षण



काठमाण्डु । खाना पकाउने ग्यासको अभाव समाधान गर्न सरकारको ध्यानाकर्षण भएको छ । राष्ट्रियसभा बैठकको सोमबारको शून्य समयमा सांसदहरुले सो विषयमा राष्ट्रियसभाका अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

सांसद गीता देवकोटाले पारदर्शी वितरण प्रणाली कायम गर्न, कालोबजारी नियन्त्रण गर्न तथा पर्याप्त ग्यास भण्डारणको व्यवस्था गर्न माग गर्नुभयो । सांसद रञ्जित कर्णले ग्यास अभावका कारण दैनिक जीवनमा समस्या आएकाले ग्यासको विकल्प रोज्नुपर्ने बताउनुभयो । त्यस्तै, सांसद रोश्नी मेचेले खाना पकाउने ग्यास सहज रूपमा उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो । शून्य समयमा बोल्दै सांसदले रोल्पा, जाजरकोटलगायतका जिल्लामा प्राकृतिक विपद्का कारण भएको जनधनको क्षतिप्रतिमा दुःख व्यक्त गर्दै प्रभावित तथा विस्थापित परिवारलाई राहत उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद मिना सिंह रखालले विपद् केबल प्राकृतिक घटना नभई पूर्वतयारी, उद्धार र राज्यको तत्काल उपस्थितिको परीक्षासमेत भएको बताउनुभयो । सांसद चन्द्रबहादुर केसीले प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्ति फिर्ता लिन माग गर्नुभयो । सांसद रामकुमारी झाँक्रीले शान्तिपूर्ण निर्वाचन सम्पन्न गराउन भूमिका खेल्ने गृहमन्त्री र सुरक्षाकर्मीमाथि अनावश्यक लाञ्छना लगाइएको भन्दै आपत्ति जनाउनुभयो । रासस

# जनकपुर रिफाइनरीका ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । भुस खरिदको रकम भुक्तानी प्रकरणमा धनुषाको ढल्केवरस्थित जनकपुर रिफाइनरीका सञ्चालित सहितका चारजना विरुद्ध ठगी मुद्दा दर्ता गरिएको छ । भूस खरीद वापतको करिब ५० लाख रूपैयाँ भुक्तानी नगरेको प्रकरणमा उनीहरु विरुद्ध मुद्दा दर्ता गरिएको बुझिएको छ ।



जिल्ला सरकारी वकिलको कार्यालय धनुषाले साउन २० गते जनकपुर रिफाइनरीसँग सम्बन्धित चारजनाविरुद्ध ठगी तथा विश्वासघात सम्बन्धी मुद्दा दर्ता गरेको हो । मुद्दा दर्तापछि उनीहरूविरुद्ध पक्राउ पुर्जीसमेत जारी भएको छ ।

पक्राउ पुर्जी जारी हुनेहरुमा जनकपुर रिफाइनरीका सञ्चालक वर्ष ३५ कि रइसा टिवडेवाल, ४० वर्षीय उनका पति एव कम्पनीका प्रबन्धक विनित अग्रवाल, ४५ वर्षकै सन्चालिकाका दाइ रोमिल टिवडेवाल र कम्पनीका पर्चेज डाइरेक्टर मुन्ना कुमार सिंह (राकेश) वर्ष ३५ का रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार चारैजनाविरुद्ध जिल्ला अदालत धनुषाबाट पक्राउ पुर्जीको अनुमति प्राप्त भइसकेको छ। उनीहरू हाल फरार रहेको र प्रहरीले खोजी गरिरहेको छ । धनुषा प्रहरीका प्रवक्ता डीएसपी मधुसूदन न्यौपानेले चारैजनाको खोजी कार्य जारी रहेको जानकारी दिएका छन् ।

यसअघि जनकपुर रिफाइनरीले भुस खरिद गरेबापत करिब ५० लाख रूपैयाँ भुक्तानी नगरेको विषय सार्वजनिक भएको थियो । कम्पनीको आन्तरिक सप्लायर लेजरमा रोशन भुसा खरिद बिक्री केन्द्रको नाममा ४९ लाख ४९ हजार ८ सय ८३ रुपैयाँ ५० पैसा बक्यौता देखिएको थियो ।

भुस आपूर्तिकर्ताका अनुसार जनकपुर रिफाइनरीको आग्रहमा स्थानीय किसानबाट भुस खरिद गरी उद्योगमा आपूर्ति गरिएको थियो । सुरूमा नियमित भुक्तानी हुँदै आए पनि कारोबार बढ्दै गएपछि रकम भुक्तानी रोकिएको आरोप छ । बक्यौता रकम माग्दा उद्योग प्रवेशमा समेत रोक लगाइएको आपूर्तिकर्ताको आरोप थियो ।

कम्पनीले करिब एक वर्षको अवधिमा लाखौँको कारोबार गरे पनि आपूर्तिकर्तालाई भुक्तानी नगरी उल्टै कम्पनीभित्र प्रवेश गर्नसमेत रोक लगाएको आरोप पीडित पक्षको छ । रिफाइनरीका सञ्चालक विनित अग्रवाल र पत्नी रइसा अग्रवालले व्यवसायीलाई धम्काएको स्थानीय व्यापारी रामजीवन प्रसाद गुप्ताले बताए ।

क्षिरेश्वरनाथ नगरपालिका-४ स्थित रोशन भूसा खरिद बिक्री केन्द्रका सञ्चालक गुप्ताले २०८२ साउनदेखि २०८३ असारसम्म जनकपुर रिफाइनरी कम्पनीलाई निरन्तर भूसा आपूर्ति गरे। तर कारोबार सकिएपछि करिब ५० लाख रुपैयाँ भुक्तानी नगरी जनकपुर रिफाइनरीका सञ्चालकहरुले आलटाल गरी बक्यौता रकम नदिएको बताए ।

धनुषा मिथिला नगरपालिका ढल्केबरमा सञ्चालित जनकपुर रिफाइनरी कम्पनीले 'सम्पूर्ण' ब्राण्डको खानेतेल उत्पादन गर्छ । तेलको लागि आवश्यक कच्चा पदार्थमध्ये 'पराल' को भुस पनि हो । कम्पनीलाई कच्चा पदार्थका रुपमा चाँहिने 'भुसा' गुप्ताले सञ्चालन गरेको रोशन भुस खरिद बिक्री केन्द्रबाटै हुने गरेको छ ।

# श्रावण शुक्ल पञ्चमी : वासुकीनाथमा विशेष पूजा

काठमाण्डु । नागपञ्चमीका अवसरमा पशुपति क्षेत्रस्थित वासुकीनाथ मन्दिरमा भक्तजनले विशेष पूजा गरेका छन् । प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिनमा यो पर्व मनाइन्छ । पशुपतिनाथ मन्दिरसँगै रहेको वासुकीनाथ मन्दिर पूजाका लागि बिहानैदेखि भक्तजन लाम लागेर आराधना एवं दर्शन गरेको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का सदस्य केदारमान भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार ३०० भक्तजनले कोषले तोके अनुसारको दक्षिणाको रसिद काटी विशेष पूजा गरेका हुन् ।

चान्द्रमास अनुसार श्रावण महिनाको तेस्रो सोमबार भएकाले पशुपतिनाथ मन्दिरमा पूजा, आराधना गर्ने भक्तजन पनि धेरै भएको उहाँले जानकारी दिनुभयो । बोल बम यात्री बिहान दुई बजेदेखि नै लाममा बसेका थिए । पशुपतिनाथका चार ढोका भने आज बिहान चार बजेदेखि मात्र खोलिएको थियो । आज पशुपतिनाथ मन्दिरमा पनि ३०० जना भक्तजनले नै रसिद काटेर विशेष पूजा गरेका छन् । वासुकीनाथ र पशुपतिनाथमा गरी आज एकै दिन ६०० जना भक्तजनले रसिद काटेर विशेष पूजा गरेका हुन् ।

सौरमास अनुसारका चार सोमबार बिहान तीन बजेदेखि नै पशुपतिनाथका चार ढोका खुला गरिएको थियो । चान्द्रमास अनुसारको सोमबार के गर्ने भन्ने निर्णय नभएकाले बिहान चार बजेमात्र ढोका खोलिएको कोष संस्कृति संरक्षण महाशाखाका पुरातत्व अधिकृत सुशीलकुमार गौतमले बताउनुभयो ।

सौरमास अनुसार साउनका सोमबार जत्तिकै पशुपति क्षेत्रमा आज पनि भक्तजनको उपस्थिति रहेको छ । चाडपर्व चान्द्रमास अनुसार मनाइने भएकाले चान्द्रमास अनुसारको सोमबार पनि पशुपति क्षेत्रमा भक्तजनको उपस्थिति रहेको कोषले जनाएको छ ।

चान्द्रमास अनुसार भदौ ८ गते सोमबार श्रावण महिनाको अन्तिम सोमबार परेको छ । त्यस दिन पनि पशुपतिनाथमा यही मात्रामा भक्तजनको लाम लाग्ने अनुमान गरिएकाले त्यसका लागि तयारी गरिने कोषले जनाएको छ । रासस

# विपद् जोखिम न्यूनीकरण प्रतिकार्यमा जोड

काठमाण्डु । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनजन्य विपद्बाट प्रभावित परिवारलाई तत्काल राहत, अस्थायी आवास तथा पुनःनिर्माण अनुदान उपलब्ध गराउने जनाएको छ ।



प्राधिकरणले रोल्पा, जाजरकोट र बाजुरालगायतका जिल्लामा पहिरोबाट भएको जनधनको क्षतिपछि खोज, उद्धार तथा राहत व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तह, जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति तथा अन्य निकायलाई निर्देशन दिएको छ ।

प्राधिकारणद्वारा आज आयोजित पत्रकार सम्मेलन कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले विपद्बाट हुने धनजनको क्षति न्यूनीकरण गर्न पूर्वतयारी र प्रतिकार्यलाई थप प्रभावकारी बनाउँदै विपद्पछि खोज उद्धार र समयमा नै राहत व्यवस्थापनलाई जोड दिइएको बताउनुभयो ।

"प्रभावित परिवारलाई अनुदान उपलब्ध गराउन तत्काल प्रक्रिया अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिइसकेका छौँ", उहाँले भन्नुभयो, "मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ अनुसार प्रभावित परिवारलाई राहत तथा अनुदान उपलब्ध गराउन सरकारी निकाय, सहयोगी निकाय, सङ्घसंस्था, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज तथा सञ्चार क्षेत्रलाई आग्रह गरिएको छ ।"

प्राधिकरणका उपसचिव रामबहादुर केसीले विपद्का कारण अवरुद्ध सडक, खानेपानी, सिँचाइलगायत अत्यावश्यक सेवा तत्काल सञ्चालनमा ल्याउन, नदी कटान तथा पहिरो नियन्त्रण गर्न र प्रभावित परिवारलाई मनोसामाजिक परामर्श तथा स्वास्थ्योपचारलगायत सेवा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिएको जानकारी दिनुभयो ।

त्यस्तै रोल्पाको थवाङ र सुनछहरी गाउँपालिका, बाजुराको त्रिवेणी नगरपालिका तथा जाजरकोटको भेरी नगरपालिका-२ र आसपासका क्षेत्रमा प्रारम्भिक भौगर्भिक अध्ययन गर्न प्राधिकरणको नेतृत्वमा तीन दिनभित्र अध्ययन टोली परिचालन गर्ने जनाइएको छ ।

प्राधिकरणका प्रवक्ता शान्ति महतले मनसुन सक्रिय रहेकाले देशका अधिकांश स्थानमा वर्षा भइरहेको र हिमाली तथा पहाडी क्षेत्रमा लगातारको वर्षाका कारण जमिन गलेसँगै पहिरोको जोखिम बढेको भन्दै सतर्कता अपनाउन आग्रह गर्नुभयो ।

प्राधिकरणले विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सहयोग, सहकार्य र साझेदारीका लागि विकास साझेदार, सङ्घसंस्था, नागरिक समाज, सञ्चार क्षेत्र, निजी क्षेत्र तथा आम नागरिकलाई समेत अनुरोध गरेको छ । रासस

# एनसेलको बीवाइडी अटोसँग साझेदारी

**टुडे समाचारदाता**

काठमाण्डू । एनसेलले कनेक्टेड भेइकल सर्भिस उपलब्ध गराउन भनेर नेपालका लागि बीवाईडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इन्कसँग साझेदारी गरेको छ ।

यो साझेदारीसँगै अब नेपालमा बिक्री हुने बीवाईडीका प्रत्येक सवार




ीसाधनमा एनसेलको इन्टरनेट अफ थिङ्स (आईओटी) सिम जडित हुनेछन्, जसबाट ग्राहकहरूलाई अझ सहज र डिजिटल्ली कनेक्टेड ड्राइभिङ अनुभव प्राप्त गर्न सक्नेछन् ।


यस सहकार्यले नेपालमा आईओटी नवप्रवर्तनको क्षेत्रमा एनसेलको अग्रणी स्थानलाई थप सुदृढ बनाएको छ । यसलाई अवलम्बन गर्दै, एनसेलले विभिन्न क्षेत्रमा कनेक्टेड प्रविधिको प्रयोगलाई थप प्रवर्द्धन गर्ने प्रतिबद्धतालाई निरन्तरता दिएको छ ।

आईओटी सिमजडित भएपछि गाडीमा अन्य कुनै उपकरणको प्रयोग बिनै इन-भेइकल इन्टरनेट कनेक्टिभिटीको सेवा उपलब्ध हुन्छ, जसले बीवाईडी एप इकोसिस्टम र कनेक्टेड इन्फोटेनमेन्ट सुविधाहरूलाई सपोर्ट गर्छ ।

प्रयोगकर्ताहरूले फोन कनेक्ट नगरी वा वाई-फाई हटस्पटमा निर्भर नभई सवार ीसाधनको सिस्टमबाटै युट्युब, स्पोटिफाइ, काराओकेलगायतका अनलाइन सेवा र डिजिटल मनोरञ्जन लिन सक्नेछन् ।

सुविधाहरूको उपलब्धता सवारीसाधन, सफ्टवेयर मोडल र नेपालमा उपलब्ध रहेका सेवाहरूमा निर्भर हुनेछ । आईओटी सिम मार्फत एनसेलको देशैभर फैलिएको नेटवर्क कभरेजको लाभ ग्राहकहरूले उठाउन सक्नेछन् । ग्राहकहरूले आफ्नो फोनमा एनसेल नेटवर्क चलाउँदाजस्तै प्रयोगकर्ताको अनुभव कभरेज, स्थान र सवारीसाधन कन्फ्युरेसन अनुसार फरक हुन सक्छ ।

'आईओटी सेवासम्बन्धी यो साझेदारीले बीवाईडी सवारीसाधनहरूमा स्मार्ट कनेक्टिभिटी, इन्फोटेनमेन्ट, सुरक्षा र इन्टेलिजेन्ट मोबिलिटीको सुविधा दिन्छ, जसले गर्दा ग्राहकहरूले आईओटी सोलुसन्समार्फत अझ सहज र सुविधाजनक कनेक्टेड ड्राइभिङ अनुभव लिन सक्छन्,' एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ताले काठमाडौंमा आयोजित सम्झौता हस्ताक्षर कार्यक्रमका क्रममा भने, 'बीवाईडी एप र लोकप्रिय इन्फोटेनमेन्ट सेवाहरूका लागि प्रत्यक्ष सवारी कनेक्टिभिटी उपलब्ध गराएर हामी प्रयोगकर्ताहरूलाई बाह्य हटस्पट वा मोबाइल डेटामा निर्भर नभई कनेक्टेड रहन मद्दत गर्दछौं।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# नेपाललाई हिन्दू राष्ट्र घोषणा गर

नेपाल चार जात छत्तीस वर्णको फुलवारी हो । यहाँ बिभिन्न जातजाती, भाषाभाषी रहेका छन् । तर नेपालमा अहिले पनि झण्डै ८५ प्रतिशत मानिस हिन्दू धर्मावलम्बी छन् । नेपालमा हिन्दूका अतिरिक्त बौद्ध, मुसलिम, जैन, क्रिश्चियन लगायतका धर्मावलम्बीहरु छन् । १४ वर्ष पूर्वसम्म नेपाल संसारको एकमात्र हिन्दू राष्ट्र थियो । २०७२ सालको संविधान जारी हुँदा नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरियो । नेपाल हिन्दू राष्ट्र रहेको बखत र अहिले धर्म निरपेक्ष भएपछिको तुलना गर्दा हालको भन्दा धार्मिक द्वन्द्वहरु विगतमा कम थियो । संसारको एकमात्र हिन्दू राष्ट्र नेपाल आउन हिन्दू धर्मावलम्बीहरुको संख्या उल्लेख्य थियो । त्यो अहिले पनि छ । तर धर्म निरपेक्ष राष्ट्र घोषणा हुँदा नेपालले कुन क्षेत्रमा कति प्रगती गरेको भन्ने जवाफ तत्कालीन सांसद र नेताहरुले दिन सकिरहेका छैनन् । धेरै नेता र सांसदहरुले त्यती बेलापनि चिन्ता व्यक्त गरेका थिए । नेपाली कांग्रेसका कयौं नेताहरुले धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएको बिरोधमा अभियान नै चलाएका थिए । उनीहरुले नेपाललाई हिन्दू राष्ट्र नै राख्नुपर्नेमा जोड दिएका थिए । तर वामपन्थी र केही मधेशी नेताहरुले धर्म निरपेक्षताको पक्षमा अडान लिएको कारण संविधानमा उल्लेख गरिएको धर्म निरपेक्ष राष्ट्रको विषय संशोधन हुन सकेन । संविधान संशोधन संघीय संसदबाट दुई तिहाइ बहुमतले मात्र हुन सक्छ । तत्कालीन समयमा त्यो संख्या कुनै दलसित थिएन् । नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएपछि देशमा धार्मिक सदभाव बिगार्ने घटनाहरुमा भारी बृद्धि भएको छ । एक वर्षमा दर्जन बढी धार्मिक दंगाहरु हुने गरेको छ । पछिल्लो पटक सुनसरी र सिरहामा भएको हिंसात्मक घटनामा ४ जना युवाको ज्यान गएको छ । दोषीहरु उपर कारबाही भएको छैन । धार्मिक सद्भाव कायम गर्न सर्वपक्षिय बैठकबाट विभिन्न बुँदागत निर्णयहरु भएका छन् । यसले नेपालमा आउने धार्मिक पर्यटकहरुको संख्यामा उल्लेख्य कमी आएको छ । धार्मिक आडमा आतंकवादी गतिविधि गर्नेहरुको नेपालमा घुसपैठ बढेको छ । त्यसकारण नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्न आवश्यक छ । नेपाली कांग्रेस इतर पक्षको भेलाले पनि नेपालमा सनातन हिन्दू धर्म घोषणा गर्ने निर्णय गरेको छ । यसले हिन्दूहरुको भावना नेपाली कांग्रेसले जित्नलाई मात्र नभइ यथार्थमा सबै दलले हिन्दू राष्ट्र घोषणा गरेर संसारमै विशिष्ट पहिचान स्थापित गर्न लाग्नु पर्छ । नेपालमा अहिले आइरहेका पर्यटकहरुको तुलनामा हिन्दू राष्ट्र घोषणा भए कयौँ गुणा बढने निश्चित छ । नेपाली कांग्रेस इतर पक्षले गरेको निर्णय सकारात्मक छ । अन्य दलहरुले पनि त्यसलाई कार्यान्वयनका लागि अनुकुल वातावरण बनाउनु पर्छ । त्यसमा नै नेपाल र नेपालीको भलो हुनेछ ।

# संविधान संशोधनको बहस र बढ्दो ध्रुवीकरण



विजय मस्त

नेपाली राजनीतिमा विपरीत विचारधाराका दलहरु एकअर्कासँग मिलेर सडक संघर्ष गर्नुका साथै सत्ता सञ्चालनसमेत गरिसकेका छन्। आफ्नै पार्टीको नेतृत्वमा रहेको सरकार गिराउने र प्रतिपक्षी दलको नेतृत्वमा नयाँ सरकार बनाउने खेल पनि भइसकेको छ। एकअर्काको कट्टर दुश्मन रहेका नेताहरु सँगै आउने र संघर्षका बेला सँगै रहेका नेताहरु सत्तामा आएपछि अलग हुने थुप्रै उदाहरण छन्।

नेपाली नागरिकका लागि बेलाबेला हुने यस्ता राजनीतिक निर्णयहरु अब चमत्कार भन्दा पनि सामान्य भइसकेका छन्। तैपनि हाम्रा नेताहरुले नागरिकलाई आश्चर्यमा पार्ने काम छोडेका छैनन्। यसै साता संसद बाहिरका विभिन्न सात राजनीतिक शक्तिले निर्माण गरेको अग्रगामी मोर्चा यसको एउटा उदाहरण हो। यस मोर्चामा मधेशका दुई पुराना नेता आम जनता पार्टीका अध्यक्ष प्रभु साह र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको मिलन विशेष अर्थपूर्ण हो। दुई दशक अघि भएको गौर हत्याकाण्डको दोषीको रुपमा एक अर्कालाई आरोप लगाउँदै राजनीतिक रुपमा सखाप पार्ने प्रयास गरिरहेका यी दुई नेताको सहकार्य मधेशको राजनीतिमा ठुलो आश्चर्य हो।

तर यहाँ प्रश्न उठ्छ कि गत निर्वाचनमा समान ढंगले मतदाताबाट अस्विकार भएका यी राजनीतिक शक्तिहरुबीच मिल्न सक्ने वातावरण कसरी बन्यो? यसको उत्तर खोज्न अहिले भइरहेको संविधान संशोधनको वहस र त्यसले नेपाली राजनीतिमा सिर्जना गरिरहेको नयाँ धुर्वीकरणलाई बुझ्न आवश्यक छ। माथि उल्लेखित दुई दल सहित जनमत पार्टी, प्रगतीशील लोकतान्त्रीक पार्टी, नागरीक उन्मुक्ति पार्टी नेपाल, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी र खुम्बुवान राष्ट्रिय मोर्चा यस आठदलीय अग्रगामी मोर्चामा समावेश भएका छन्।

यी दलहरुलाई एक ठाउँमा ल्याउन दुई प्रमुख राजनीतिक घटनाले भूमिका खेलेको देखिन्छ। पहिलो, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीले वृहत् वाम मोर्चाको निर्माण । दोस्रो, तराई - मधेश क्षेत्रमा पछिल्लो समयमा बढ्दै गएको धार्मिक तनाव र त्यसले जन्माएका राजनीतिक असन्तुष्टि। एकातिर ठूला वामपन्थी शक्तिहरु एक ठाउँमा आउँदा आफूहरु राष्ट्रिय राजनीतिमा किनारामा पर्न सक्ने यी दलहरुको बुझाइ हुन सक्छ। अर्कोतिर धर्मको नाममा बढ्दै गएको तनाव र राज्यप्रतिको जनमानसमा देखिएका असन्तुष्टि उनीहरुको लागि नयाँ राजनीतिक मुद्दा बन्न सक्छ। त्यसैले यो मोर्चा बदलिँदो राजनीतिक वातावरणप्रतिको प्रतिक्रियाका रुपमा पनि बुझ्न सकिन्छ।

यसमा संविधान संशोधनको बहसले थप महत्वपूर्ण भूमिका खेलेको छ। सरकारले संविधान संसोधनका लागि बहसपत्र तयार गर्ने प्रक्रिया अघि बढाउनु र राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो महाधिवेशनमार्फत प्रदेशसभा खारेजीको एजेन्डालाई संस्थागत रुपमा अगाडि बढाउनुले संघीयता र पहिचान पक्षमा रहेका शक्तिहरुलाई नयाँ राजनीतिक चुनौती र अवसर दुवै सिर्जना गरेको छ। अव संविधान संशोधनको बहसको जुन स्वरुप र गतिमा अघि बढ्छ, विभिन्न राजनीतिक शक्तिहरु बीचको ध्रुवीकरण त्यस अनुरुप नै बढ्ने देखिन्छ ।

### निर्वाचनमा संशोधनको प्रस्ताव

गत निर्वाचनमा दुईतिहाइ नजिकको मतपरिणाम ल्याउन सफल राष्ट्रिय स्वतन्त्र पार्टीले आम मतदातासँग सुशासनलाई प्रमुख एजेन्डा बनाएर मत मागेको थियो। सरकारको पहिलो र प्रमुख प्राथमिकता सुशासन नै रहेको विषयमा प्रधानमन्त्री र मन्त्री तथा सतारुढ दलले जोड दिँदै आएका छन्। तर सुशासनको अर्जुनदृष्टि राखेको दलले संविधान संशोधनको बहस अघि बढाएपछि जनतासँग गरेको प्रतिबद्धता फेरी पूरा हुन सक्दैन् कि भन्ने शंका बढ्दै गएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद, सांसद मन्त्री नहुने, गैरदलीय स्थानीय सरकार, प्रदेश संरचनमा सुधारको विषयलाई निर्वाचन घोषणापत्रमा समेटेका थिए। यीमध्यै प्रत्यक्ष निर्वाचित कार्यकारी र प्रदेश संरचनासम्बन्धी प्रस्ताव सामान्य सुधारका विषय मात्र होइनन्। यिनले अहिलेको शासकीय संरचना र संघीय व्यवस्थाको स्वरुपमा परिवर्तन खोजेका छन्।

नेपाली कांग्रेसले निर्वाचन प्रणालीमा सुधार, शासकीय स्वरुपको पुनरावलोकन, संवैधानिक परिषद र आयोगको नियुक्ति प्रक्रियामा सुधार, संघ-प्रदेश-स्थानीय तहको अधिकार स्पष्ट गर्ने र युवा प्रतिनिधित्व बढाउने विषय प्रस्ताव गरेको छ। कांग्रेसको प्रस्तावले वर्तमान संवैधानिक व्यवस्थालाई खारेज गर्नेभन्दा त्यसका कमजोरी सुधार गर्दै अघि बढ्ने संकेत गर्छ।




नेकपा एमाले ले जेन-जी आन्दोलनपूर्व संविधान संशोधनका विभिन्न विषयहरु चर्चामा ल्याए पनि निर्वाचन घोषणापत्रमा संशोधनबारे ठोस एजेन्डा अघि सारेन। राष्ट्रिय सहमतिका आधारमा संविधानलाई दुरुस्त गर्दै प्रभावकारी कार्यान्वयन गर्ने उसको सामान्य धारणा मात्र देखिन्छ।

नेपाली कम्युनिस्ट पार्टीले संविधान निर्माण प्रक्रिया देखि नै उठाउँदै आएको शासकीय स्वरुपमा आमूल परिवर्तन, निर्वाचन प्रणालीमा सुधार, विज्ञ सम्मिलित मन्त्रीपरिषद, राष्ट्रिय सभाको पुनर्संरचना र प्रदेश संरचनमा सुधारको प्रस्ताव अघि सारेको छ। यसले वर्तमान संवैधानिक व्यवस्थाको संस्थागत संरचनामाथि गहिरो पुनर्विचारको माग गर्दछ। तर वर्तमान संविधान निर्माणमा अग्रणी भुमिका निर्वाह गरेका नेपाली कम्युनिस्ट पार्टीमा आवद्ध नेताहरु आफु सत्तामा हुँदा संविधान संशोधनका लागि सामान्य वहस समेत गर्न नसकेका कारण उनीहरु प्रस्ताव गरेका विषयहरु माथि आफ्नै प्रतिबद्धता कमजोर रहेका प्रमाणीत गरिसकेका छन्।

यता, जनता समाजवादी पार्टी नेपालले संविधान संशोधन मात्र होइन, पुनर्लेखनकै प्रस्ताव अघि सारेको छ। पहिचानमा आधारित संघीयता, समावेशिता र राज्यको पुनर्संरचनालाई उसले विशेष प्राथमिकता दिएको छ।

यसरी हेर्दा निर्वाचनमा संविधान संशोधन साझा राजनीतिक मुद्दा बने पनि प्रमुख दलहरुबीच संशोधनको उदेश्य र दिशामा भने ठूलो अन्तर देखिन्छ। कसैले वर्तमान संवैधानिक व्यवस्थाको अभ्यासका क्रममा देखिएका कमि कमजोरी सुधार गर्न खोजेका छन्, कसैले शासकीय प्रणाली नै परिवर्तन गर्न खोजेका छन् भने कसैले संविधान पुनर्लेखनको प्रस्ताव अघि सारेका छन्।

### संशोधनभन्दा पहिले कार्यान्वयन

संविधान संशोधन आफैंमा अस्वभाविक विषय होइन। जीवित र गतिशील समाजमा संविधान पनि समय, आवश्यकता र अनुभवअनुसार परिमार्जित हुँदै जान्छ। संविधानलाई जड दस्तावेजका रुपमा हेर्न सकिँदैन। अभ्यासका क्रममा देखिएका कमी कमजोरी पहिचना गरी आवश्यकता अनुसार संशोधन गर्नु लोकतान्त्रिक प्रक्रियाकै एउटा हिस्सा हो।

तर नेपालको वर्तमान संविधानको हकमा अहिलेको मुख्य प्रश्न संशोधन आवश्यक छ कि छैन भन्नेभन्दा पनि संविधानले परिकल्पना गरेका व्यवस्था पूर्ण रुपमा कार्यान्वयन भएका छन् कि छैनन् भन्ने हो। संविधानले स्थायी सरकारको परिकल्पना गरेको छ, जहाँ बहुमत प्राप्त पार्टीले आफ्नो पूर्ण कार्यकाल सेवा गर्छ, संघीय संरचना अनुसारको कानुनहरु बनाउँछ र प्रदेश तथा स्थानीय तहका सरकारले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्छ। त्यो अहिले सम्म हुन सकेको छैन् । संविधानसभाबाट निर्माण गरिएको संविधानको मूल संरचना, शासकीय स्वरुप, संघीयता र निर्वाचन प्रणालीमै व्यापक बहस सुरु गर्नुले संविधान कार्यान्वयनको अनुभवबाट सिक्ने प्रयाप्त अवसर समेत नदिएको देखिन्छ।

संघीयता कार्यान्वयनका क्रममा देखिएका आधार भूत समस्या, तीन तहका संरचनाबीच अधिकारको बाँडफाँटका विषय र प्रदेश संरचना प्रभावकारी बन्न नसक्नुका कारणहरु अध्ययन नगरि संविधान संशोधनको बहस चलाउनुको महत्व हुँदैन्। निर्वाचन प्रणालीको विषयमा अधिकांश दलहरुले यो मिश्रित प्रक्रियाबाट बहुमत ल्याउन गार्हो हो भने तर्क गर्थे तर गत निर्वाचनमार्फत कुनै पनि दलले यहि प्रणाली अन्तर्गत बहुमत मात्र नभई दुई तिहाइ सम्मको सिट जित्ने तथ्य प्रमाणीत गरिसकेको छ। यसरी बहसमा ल्याउन खोजिएका प्रश्नहरुको वस्तुनिष्ठ समीक्षा नगरी संशोधनको विषयमा प्रवेश गर्नु उचित हुँदैन्।

त्यसैले अहिलेको प्राथमिकता संविधान संशोधन भन्दा संविधानको पूर्ण कार्यान्वयन र त्यसबाट प्राप्त अनुभवको समीक्षा हुनुपर्छ। संविधानले परिकल्पना गरेका संरचना र संस्थाहरुलाई पूर्ण रुपमा अभ्यासमै नल्याई तिनको विकल्प खोज्नु भनेको समस्यको कारण पहिचना नगरी संरचना नै परिवर्तन गर्ने प्रयास हुन सक्छ।

विगत सात दशकमा सातवटा संविधान देखिसकेका नेपालले फेरी संवैधानिक अस्थिरताको चक्रमा प्रवेश गर्नु हुँदैन्। यसको अर्थ संशोधनको बहसलाई निषेश गर्ने कदापि पनि होइन। तर विगतको अनुभवहरुबाट पाठ लिँदै प्रमाण, अनुभव र आवश्यकतामा आधारित बहसहरु गर्नु पर्छ।

संशोधनसँग जोडिएको अर्को महत्वपूर्ण पक्ष यसका विषयवस्तुहरुको संवेदनशीलता पनि हो। संशोधनको विषयलाई यसरी फराकिलो दायरामा छलफल गर्न थाल्दा भोलीको दिनमा प्रमुख दलहरुले प्राथमिकता दिन नखोजेका हिन्दु राष्ट्र, राजसंस्था तथा विभिन्न पहिचान पक्षधरहरुले नयाँ -नयाँ प्रदेशको मागजस्ता विषय पनि राजनीतिक बहसको केद्रमा आउन सक्छन्। त्यसपछि संविधान संशोधनको बहस सीमित सुधारमा केन्द्रीत नरही राज्यको मूल संरचना र राजनीतिक व्यवस्थाकै पुनर्संरचनाको बहसमा परिणत हुन सक्छ। यसले देशलाई फेरी एकपटक लामो अनिश्चिततायुक्त राजनीतिक तथा संवैधानिक संकटतर्फ धकेल्ने सम्भावना पनि रहेको छ।

### बसहको केन्द्रमा मधेश

मधेशकेन्द्रीत दलहरुका लागि संविधान संशोधनको विषय नयाँ होइन। संविधान निर्माणकै क्रममा उनीहरुले उठाएका अधिकांश मागहरु संबोधन हुन नसकेको उनीहरुको बुझाइ रहेको छ। अहिले संघीयता, प्रदेशको पुनर्संरचना र पहिचानमाथि बहस सुरु भएपछि गत संघीय प्रतिनिधिसभाको निर्वाचन परिणामबाट शान्त भएका उनीहरुलाई आफ्नो पुरानो राजनीतिक मुद्दा पुनःस्थापित गर्ने अवसर सिर्जना भएको छ। संघीयता र पहिचानको पक्षमा लामो समय आन्दोलन गरेका यी दलहरुलाई अहिले चलिरहेको मधेशकेन्द्रित धार्मिक संवेदनशीलताको बहसले पुनः सक्रिय हुन उत्प्रेरित गरेको छ।

तर महत्वपूर्ण कुरा के हो भने, संविधान कार्यान्वयनको एक दशकमा मधेशकेन्द्रीत लगायत अधिकांश दलहरु संविधान कार्यान्वयनको पक्षमा उभिएका थिए। वैचारिक रुपमा जति असन्तुष्ट भए पनि संविधानले गरेको संरचनागत व्यवस्था र सुनिश्चित गरेका अधिकारको प्रयोगबाट देशका अधिकांश समस्या समाधान हुन सक्ने उनीहरुको बुझाइ थियो। त्यसैले पनि होला, उनीहरुले संविधान संशोधनभन्दा कार्यान्वयनमा जोड दिएका थिए।

त्यसैले विपरित धारका नेता प्रभु साह, उपेन्द्र यादव तथा सिके राउतको सहकार्य केवल उनीहरुको वर्तमानको राजनीतिक अस्तित्वसँग जोडेर बुझ्नु पर्याप्त हुँदैन्। संविधान संशोधनको बहसले उनीहरुबीचका विगतका राजनीतिक मतभेदभन्दा साझा राजनीतिक चासोलाई अगाडि ल्याएको देखिन्छ। जसरी संशोधनको बहसले स्वरुप लिँदै जान्छ, त्यसरी नै भोलीका दिनमा नयाँ-नयाँ पार्टी र मोर्चाको निर्माण बढ्दै जाने सम्भावना छ।

अव यो बहस सत्ताधारी पार्टी वा सरकारले चाहँदैमा रोकिने सम्भावना पनि कम छ। यसका लागि मुख्यतया तीन किसिमको राजनीतिक ध्रुवीकरणको सम्भावना देखिन्छ। एउटा वर्तमान संविधानको कार्यान्वय र सुधार चाहने शक्ति, अर्को संघीयता तथा पहिचानलाई थप बलियो बनाउन चाहने शक्ति र तेस्रो वर्तमान संघीय लोकतान्त्रीक संरचनामै परिवर्तन चाहने शक्ति। यसरी संसदमा रहेको दलिय अंकगणितको सामर्थ्य गौण हुँदै जान सक्छ र जनतामाझ शक्ति निर्माण तथा जनपरिचालनका रणनीतिहरु विकसित हुन सक्छन्।

तर सरकार र सत्ताधारी पार्टीले चाहेमा आफु निष्कृय भएर पनि यो बहसलाई कमजोर पार्न सक्छन्। सुशासन र देश विकासको मुदालाई प्राथमिकता दिन सकिन्छ। पहिले संविधानको अभ्यास गर्ने, त्यसपछि देखिएका कमजोरीको तथ्यगत समीक्षा गर्ने र अनि मात्र आवश्यक संशोधनको वहसमा प्रवेश गर्ने बाटोबाट देशलाई अग्रगामी विकासको दिशामा अगाडी बढ्न सकिन्छ।

यसले संविधान संशोधनको बहसलाई निषेश गर्न खोजेको होइन, तर यसलाई राजनीतिक ध्रुवीकरणको माध्यम बन्न दिनु पनि उचित हुँदैन्। बरु बहसलाई जम्मेवार र परिणाममुखी बनाउनुपर्छ। अन्यथा संशोधनको बहस राजनीतिक अस्तित्व जोगाउने प्रतिस्पर्धा र नयाँ ध्रुवीकरणको आधार बन्दै गएमा संविधान कार्यान्वयनको एक दशकको उपलब्धिसमेत ओझेलमा पर्न सक्छ। बरु समान्य नागरिकले खोजेको सुशासन र विकसित नेपालको परिकल्पनालाई राजनीतिको केन्द्रमा राख्न सकिन्छ।

# कांग्रेस एकता र देउवाको राजनीतिक विरासत



रीता परियार

नेपालको राजनीति फेरि एकपटक गहिरो अनिश्चितता, संस्थागत कमजोरी र जनविश्वासको संकटबाट गुज्रिरहेको छ । सरकार फेरिन्छन्, गठबन्धन बदलिन्छन्, नेतृत्वको समीकरण फेरिन्छ; तर स्थिरता, सुशासन र दीर्घकालीन राजनीतिक विश्वास अझै स्थापित हुन सकेको छैन । यो केवल कुनै एउटा सरकार वा दलको समस्या होइन ।

यो हाम्रो राजनीतिक प्रणालीले सामना गरिरहेको संरचनात्मक संकट हो । भूराजनीतिक रूपमा संवेदनशील नेपालमा आन्तरिक राजनीतिक अस्थिरताको प्रभाव झन् गम्भीर हुन सक्छ । दुई ठूला शक्ति राष्ट्रबीच रहेको हाम्रो अवस्थाले परिपक्व, स्थिर र जिम्मेवार राजनीतिक संस्थाको आवश्यकता अझ बढाउँछ । यस्तो अवस्थामा कमजोर दल, विभाजित नेतृत्व र अल्पकालीन सत्ता-केन्द्रित सोचले लोकतान्त्रिक संस्थालाई बलियो बनाउँदैन ।

यही सन्दर्भमा नेपाली कांग्रेसको भूमिका महत्त्वपूर्ण हुन्छ ।

नेपालको आधुनिक राजनीतिक इतिहास संघर्ष, परिवर्तन र अधुरो स्थिरताको इतिहास हो । राणा शासनविरुद्धको आन्दोलनले २००७ सालमा प्रजातन्त्रको ढोका खोल्यो ।

२०१७ सालको राजनीतिक अवरोधपछि पञ्चायती व्यवस्था आयो। त्यसविरुद्ध तीन दशक लामो संघर्षपछि २०४६ सालको जनआन्दोलनले बहुदलीय लोकतन्त्र पुनःस्थापित गऱ्यो । तर, लोकतन्त्र पुनःस्थापित भए पनि राजनीतिक स्थिरता स्थापित हुन सकेन । २०५२ सालदेखि सुरु भएको माओवादी द्वन्द्वले राज्य संरचनामाथि गम्भीर चुनौती खडा गऱ्यो ।

२०६२/६३ को जनआन्दोलनपछि राजतन्त्र अन्त्य भयो र नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको नयाँ चरणमा प्रवेश गऱ्यो । यी सबै ऐतिहासिक मोडमा नेपाली कांग्रेसको महत्त्वपूर्ण भूमिका रह्यो । त्यसैले कांग्रेसको इतिहास केवल एउटा राजनीतिक दलको इतिहास होइन; यो नेपालको लोकतान्त्रिक यात्रासँग जोडिएको इतिहास हो । तर, इतिहासको गौरवले मात्र वर्तमानको चुनौती समाधान गर्दैन ।

आज कांग्रेस गुटबन्दी, नेतृत्व संघर्ष, पुस्ताबीचको दूरी र संगठनात्मक असन्तुष्टिको सामना गरिरहेको छ । बारम्बार देखिने आन्तरिक विभाजनले पार्टीको राजनीतिक प्रभाव मात्र होइन, उसको संस्थागत क्षमतालाई पनि कमजोर बनाइरहेको छ । कांग्रेसको शक्ति उसको इतिहासमा मात्र होइन, एकताबद्ध भएर भविष्य निर्माण गर्ने क्षमतामा निर्भर गर्छ ।शेरबहादुर देउवा नेपालको लामो राजनीतिक यात्रा बोकेका अनुभवी नेता हुन् । पाँचपटक प्रधानमन्त्री र दुईपटक नेपाली कांग्रेसका सभापति भइसकेका देउवाले नेपाली राजनीतिका अनेक उतारचढाव प्रत्यक्ष देखेका छन् । तर, आज उनको राजनीतिक मूल्यांकन केवल कति पटक प्रधानमन्त्री हुनुभयो भन्ने प्रश्नमा सीमित हुनु हुँदैन ।

राजनीतिमा कुनै पनि नेताको अन्तिम मूल्यांकन उसले पाएका पदबाट मात्र हुँदैन; उसले आफू पछाडि कस्तो संस्था छोडेर गयो भन्ने कुराले पनि हुन्छ । यहीँ देउवाको राजनीतिक यात्राको सबैभन्दा महत्त्वपूर्ण प्रश्न उभिन्छ !

यदि आफ्नो राजनीतिक जीवनको यस चरणमा देउवाले कांग्रेसलाई स्थिर, एकताबद्ध र संस्थागत रूपमा बलियो बनाएर पुस्तान्तरण गर्न सक्नुभयो भने त्यो उहाँको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक विरासत बन्न सक्छ । सत्ता प्राप्त गर्नु एउटा उपलब्धि हुन सक्छ । तर, आफूभन्दा बलियो संस्था निर्माण गरेर जानु अझ ठूलो उपलब्धि हो ।

नेपालको राजनीतिक बहसमा नयाँ पुस्ताको असन्तुष्टि अब बेवास्ता गर्न नसकिने विषय बनेको छ । विशेषगरी जेन-जी पुस्ताले परम्परागत राजनीतिक शैली, भ्रष्टाचार, अवसरको असमानता, राजनीतिक पहुँच र नेतृत्वको जवाफदेहितामाथि तीव्र प्रश्न उठाइरहेको छ ।सामाजिक सञ्जाल र डिजिटल माध्यमले उनीहरूलाई आफ्ना प्रश्न, असन्तुष्टि र विचार सार्वजनिक गर्ने अभूतपूर्व शक्ति दिएको छ । यसलाई केवल 'अराजकता' वा 'पुरानो पुस्ताविरुद्धको विद्रोह' भनेर बुझ्नु पर्याप्त हुँदैन । यसको एउटा महत्त्वपूर्ण पक्ष सुधारको माग हो । नयाँ पुस्ताले पुरानो राजनीतिक संरचनालाई चुनौती दिएको छ भने पुराना दलहरूले पनि आफूलाई प्रश्न गर्न सक्नुपर्छ ।

लोकतन्त्रको रक्षा पुरानो संरचना जोगाएर मात्र हुँदैन; लोकतान्त्रिक संस्थालाई समयअनुसार सुधार र पुनर्संरचना गरेर पनि हुन्छ । तर, पुस्तान्तरणको अर्थ पुरानो पुस्ताको पूर्ण अस्वीकार पनि होइन । अनुभव र ऊर्जा, परम्परा र नवप्रवर्तन, संस्था र परिवर्तनबीचको सहकार्य नै दीर्घकालीन समाधान हुन सक्छ ।

नेपाली कांग्रेसभित्र पनि नेतृत्व र संगठन सुधारको बहस तीव्र हुँदै गएको छ । गगन थापा र अन्य नयाँ पुस्ताका नेताहरूले पार्टीभित्र पुस्तान्तरण, नेतृत्व पुनर्संरचना र संगठनात्मक सुधारको आवश्यकता उठाउँदै विशेष महाधिवेशन गरे ।

यसलाई केवल गुटगत संघर्षका रूपमा बुझ्नु उचित हुँदैन । यसमा एउटा गम्भीर प्रश्न छ-के कांग्रेस बदलिँदो नेपाली समाजको अपेक्षाअनुसार आफूलाई बदल्न तयार छ ? यदि पार्टीभित्र उठिरहेका प्रश्नलाई संस्थागत संवादमार्फत सम्बोधन गरियो भने त्यसले कांग्रेसलाई कमजोर होइन, अझ बलियो बनाउन सक्छ । तर, असन्तुष्टिलाई दबाउने र नेतृत्व प्रक्षलाई केवल व्यक्तिगत प्रतिस्पर्धाका रूपमा हेर्ने हो भने समस्या अझ गहिरिन सक्छ ।

नेपालको समस्या नेपाली कांग्रेसमा मात्र सीमित छैन । लगभग सबै प्रमुख राजनीतिक दल आन्तरिक गुटबन्दी, नेतृत्व संघर्ष र नीतिगत अस्पष्टताबाट प्रभावित छन् । तर, कांग्रेसको ऐतिहासिक भूमिकाका कारण उसको आन्तरिक अवस्थाले लोकतान्त्रिक प्रणालीमाथि विशेष प्रभाव पार्छ । त्यसैले कांग्रेसभित्रको एकता कुनै एउटा नेताको राजनीतिक सुविधा होइन; यो लोकतान्त्रिक संस्थाको दीर्घकालीन स्वास्थ्यसँग जोडिएको विषय हो । तर, एकता भन्नुको अर्थ आलोचना बन्द गर्नु होइन । साँचो एकता भनेको फरक मतलाई दबाएर होइन, संस्थाभित्र सम्मानपूर्वक व्यवस्थापन गरेर निर्माण हुन्छ । कांग्रेसलाई यही संस्कार आवश्यक छ ।

अब कांग्रेसले कम्तीमा तीनवटा विषयलाई प्राथमिकतामा राख्नुपर्छ ।

### पहिलो–एकता

गुटगत प्रतिस्पर्धाभन्दा माथि उठेर संगठनात्मक एकतालाई प्राथमिकता दिनुपर्छ । नेतृत्वबीचको मतभेदलाई संस्थागत प्रक्रियाबाट समाधान गर्ने संस्कार विकास गर्नुपर्छ ।

### दोस्रो–पुस्तान्तरण

युवा र अनुभवी पुस्ताबीच संघर्ष होइन, सहकार्य आवश्यक छ । नयाँ पुस्तालाई नेतृत्वमा ल्याउनु भनेको पुरानो पुस्ताको योगदान अस्वीकार गर्नु होइन । पार्टी व्यक्तिको लोकप्रियतामा होइन, नीति, संगठन, आन्तरिक लोकतन्त्र र कार्यसम्पादनमा आधारित हुनुपर्छ । कांग्रेसले आफूलाई केवल चुनाव जित्ने संगठनका रूपमा होइन, लोकतान्त्रिक संस्थाको रूपमा पुनःपरिभाषित गर्न आवश्यक छ ।

नेपाललाई अब केवल नयाँ राजनीतिक नारा चाहिएको छैन, परिणाम चाहिएको छ । कांग्रेसलाई केवल आफ्नो इतिहास सम्झिनु छैन, भविष्यका लागि नयाँ विश्वास निर्माण गर्नु छ । र, नेतृत्वलाई केवल आफ्नो राजनीतिक विरासत सुरक्षित गर्नु छैन, आफूले नेतृत्व गरेको संस्थालाई आफूभन्दा बलियो बनाएर हस्तान्तरण गर्नु छ । शेरबहादुर देउवासँग आज त्यही अवसर छ । उहाँको राजनीतिक यात्राको यो चरण व्यक्तिगत पद र शक्तिको निरन्तरताभन्दा ठूलो प्रश्नसँग जोडिएको छ-नेपाली कांग्रेसलाई कस्तो बनाएर जाने ? यदि उहाँले कांग्रेसलाई एकताबद्ध, संस्थागत रूपमा बलियो र नयाँ पुस्तासँग संवाद गर्न सक्ने पार्टीका रूपमा हस्तान्तरण गर्न सक्नुभयो भने त्यो उहाँको राजनीतिक जीवनको सबैभन्दा अर्थपूर्ण विरासत बन्न सक्छ ।

किनकि अन्ततः इतिहासले नेताहरूलाई एउटै प्रश्न सोध्छ- तपाईंले आफ्नो समयको संस्था कस्तो अवस्थामा पाउनुभयो भन्नेभन्दा पनि कस्तो अवस्थामा छोड्नुभयो ? आज नेपाली कांग्रेस र शेरबहादुर देउवाको अगाडि यही प्रश्न खडा भएको छ । र, यसको उत्तर लेखिने समय पनि यही हो । यो शिलापत्रडटकमबाट साभार गरिएको छ ।

# मानव बेचबिखन तथा ओसारपसार विधेयकबाट ‘वेश्यावृत्ति’ शब्द हटाउन सांसदहरुको सुझाव

काठमाण्डु । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) पहिलो संशोधन विधेयकमा सांसदहरुले महिलाको सम्मान गर्नु पर्ने बताउँदै विधेयकमा प्रयोग गरिएको ‘वेश्यावृत्ति’ शब्द हटाउन सुझाव दिनुभएको छ ।



महिला, बालबालिका लैङ्गीक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले आज प्रतिनिधि सभामा प्रस्तुत गर्नुभएको विधेयकमाथि सैद्धान्तिक छलफलमा भाग लिँदै सांसदहरुले पीडितको पक्षमा कानुन निर्माण गर्न जोड दिनुभएको हो ।

सांसद इन्दीरा रानामगर, साजिदा खातुन सिद्धिकी, शोभा खनाललगायत सांसदले विधेयकमा धेरै ठाउँमा प्रयोग गरिएको ‘वेश्यावृत्ति’ शब्द हटाउन आग्रह गर्नुभयो । महिलाको सम्मानको सवाल भएकाले विधेयकमा वेश्या जस्ता शब्द हटाउनुपर्नेमा सांसदहरुको जोड थियो ।

यसका साथै, सांसद सृष्टि भट्टराईले मानव बेचबिखनको स्वरुप परिवर्तन भएकाले समयसापेक्ष कानुन निर्माण गर्नुपर्ने धारणा राख्नुभयो । यसका साथै विदेशमा अलपत्र परेका नागरिकको उद्धार गर्न ‘र्यापीट रेस्पोन्स टिम’ टोली खडा गर्नुपर्छ ।

सांसद मनमाया विश्वकर्माले मानबेचबिखन सम्बन्धी कानुन निर्माण गर्दा अपराधीलाई सजाय तोक्नु मात्रै होइन, पीडितको अधिकार र उपचारको विषय पनि समेटिनुपर्ने धारणा राख्नुभयो । सांसद निश्कल राईले पीडितको उद्धार पश्चात क्षतिपुर्ति र सामाजिक सम्मानसहितका कानुनी व्यवस्था हुनुपर्छ ।

सांसद आकृति अवस्थीले पीडितको क्षतिपुर्ति र पुनःस्थापनालाई प्रभावकारी बनाउने विधेयक आवश्यक रहेको बताउनुभयो । पीडित केन्द्रीत, बाल र महिला संवेदनशील विधेयक बनाउन जरुरी देखिएको उहाँले बताउनुभयो ।

सांसद रमेशकुमार मल्ल, दीपक बोहरा, ललिता कुमारी, विक्रम थापा, जनकसिंह धामी, हर्कराज राई, मोहनलाल आचार्य, लिमा अधिकारी आचार्य, माधवबहादुर थापा, सन्दीप राना, करिश्मा कठरिया, गोविन्द पन्थी, गीताकुमारी सेन्दाङ, पद्माकुमारी अर्याल, स्मृति सेन्चुरी, गणेश कार्की, गणेशबहादुर विश्वकर्मा, तारा विश्वकर्मालगायतले सैद्धान्तिक विचार प्रस्तुत गर्नुभयो । विधेयक माथिको सैद्धान्तिक छलफल जारी छ । रासस

# परराष्ट्रको ‘नेपाली नागरिकको उद्धार तथा शव फिर्ती कार्यविधि’ अर्थमा

काठमाण्डु । परराष्ट्र मन्त्रालयले विदेशमा रहेका नेपाली नागरिकको उद्धार तथा शव फिर्तीसम्बन्धी कार्यविधि गत साता रायका लागि अर्थ मन्त्रालयमा पठाएको छ ।

परराष्ट्र मन्त्रालयले विदेशमा समस्यामा परेका नेपाली नागरिकको उद्धार तथा घर फिर्ती र शव फिर्तीका लागि विनियोजित रकम खर्च गर्ने सम्बन्धमा पहिलोपटक ‘विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धार तथा घर फिर्ती र शव फिर्तीका लागि विनियोजित रकम खर्च गर्ने कार्यविधि-२०८३’ तयार गरेको हो ।

परराष्ट्र मन्त्रालयका अनुसार उक्त कार्यविधिमाथि रायसुझावका लागि गत साता अर्थ मन्त्रालयमा पठाइसकिएको छ । तर, प्रतिनिधिसभाको सोमबारको बैठकमा विदेशमा समस्यामा परेका नेपालीको उद्धार तथा शव फिर्तीका लागि आवश्यक कार्यविधि हालसम्म परराष्ट्र मन्त्रालयले बनाउन नसकेको विषय उठेको थियो । अर्थ मन्त्रालयको राय प्राप्त भएपछि कार्यविधिलाई आवश्यक प्रक्रियासहित अघि बढाइने परराष्ट्र मन्त्रालयले जनाएको छ । कार्यविधिमा श्रम स्वीकृति नलिई वैदेशिक रोजगारीमा गएका वा भिजिट भिसामा गई रोजगारीमा संलग्न भएका नेपाली नागरिक सडक दुर्घटनामा परी अङ्गभङ्ग वा अशक्त भएका, कोमामा उपचाररत रहेका तथा विद्यार्थी भिसामा गई विभिन्न समस्यामा परेका नागरिकलाई नेपाल ल्याउने विषय समेटिएको छ ।

त्यसैगरी, विभिन्न देशमा जाने क्रममा ट्रान्जिटमा समस्या परी अलपत्र परेका तथा अन्य कारणले विदेशमा समस्यामा परेका नेपाली नागरिकको आकस्मिक उद्धार गरी नेपाल पठाउने र अलपत्र परेका शव नेपाल ल्याउने विषयलाई पनि कार्यविधिले समेटेको छ । कार्यविधि स्वीकृत भएपछि आकस्मिक उद्धार तथा शव फिर्तीका लागि विनियोजित बजेटबाट आवश्यक काम अघि बढाउन सहज हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । रासस

# संसदमा उपस्थित भएर प्रश्नको जवाफ दिन प्रधानमन्त्रीलाई सभामुखको रुलिङ

**सभामुखले रुलिङ गर्दा प्रधानमन्त्री शाह भने बैठकमा उपस्थित थिएनन् । शाह प्रधानमन्त्री निर्वाचित भएयता प्रतिनिधिसभाका छवटा बैठकमा मात्र सहभागी भएका छन् । नियमावलीअनुसार सांसदहरूको प्रश्नको जवाफ दिन भने उनी अहिलेसम्म संसदमा उपस्थित भएका छैनन् ।**

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाका सभामुख डोलप्रसाद (डीपी) अर्यालले सांसदहरूले उठाएका प्रश्नको जवाफ दिन प्रधानमन्त्री बालेन शाहलाई संसदमा उपस्थित हुन औपचारिक रुलिङ गरेका छन् । सभामुखको रुलिङसँगै ७८ दिनदेखि विपक्षी दलहरूले गर्दै आएको संसदीय विरोध अन्त्य भएको छ ।



सोमबारको प्रतिनिधिसभा बैठक शुरु हुनासाथ विगतका बैठकमा झैँ विपक्षी दलका सांसदहरू विरोधका लागि उभिएका थिए । त्यसपछि सभामुख अर्यालले प्रधानमन्त्री र उनको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रश्नोत्तरको माग गर्दै लामो समयदेखि भइरहेको विरोधप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै रुलिङ गरेका हुन् ।

सभामुख अर्यालले भने, ‘प्रतिनिधिसभाको बैठकमा उपस्थित भई नियमावलीको नियम ५६, ५७, ५८, ५९ र ६० बमोजिम माननीय सदस्यहरूको प्रश्नको जवाफ दिन म सम्माननीय प्रधानमन्त्रीलाई रुलिङ गर्छु ।’

सभामुखको रुलिङपछि विपक्षी सांसदहरू केहीबेर अन्योलमा परेका थिए । विपक्षी दलहरूले विशेषगरी प्रधानमन्त्री शाहले सीमासम्बन्धी विषयमा दिएको विवादित अभिव्यक्तिबारे स्पष्टीकरण माग्दै आएका थिए। तर, सभामुखले उक्त विषयमा प्रत्यक्ष टिप्पणी नगरी नियमावलीअनुसार प्रधानमन्त्रीको प्रश्नोत्तरका लागि रुलिङ गरेका हुन् ।

‘माननीय सदस्यहरूले माग गरेबमोजिम सरकार र प्रधानमन्त्रीको नाममा रुलिङ गरिसकेको’ भन्दै सभामुखले आसन ग्रहण गर्न आग्रह गरेपछि विपक्षी सांसदहरू आ-आफ्नो सिटमा बसेका थिए ।

त्यसपछि नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता वर्षमान पुनले सांसदहरूलाई आसन ग्रहण गर्न आग्रह गरेका थिए । नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसी र नेकपा एमालेकी उपनेता पद्मा अर्यालले केहीबेर आपसी छलफल गरेपछि बैठकमा बस्ने निर्णय गरेका थिए ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने, उपनेता गणेश पराजुली तथा महामन्त्री विपिन आचार्य पनि उपस्थित थिए । रुलिङलगत्तै सांसद आचार्यले नियमावली हेरेका थिए भने लामिछानेले उपनेता पराजुलीसँग त्यसबारे छलफल गरेका थिए ।

> **प्रतिनिधिसभा नियमावलीको नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिन बैठकको पहिलो एक घण्टामा सञ्चालन गर्ने व्यवस्था छ ।**

सभामुखले रुलिङ गर्दा प्रधानमन्त्री शाह भने बैठकमा उपस्थित थिएनन् । शाह प्रधानमन्त्री निर्वाचित भएयता प्रतिनिधिसभाका छवटा बैठकमा मात्र सहभागी भएका छन् । नियमावलीअनुसार सांसदहरूको प्रश्नको जवाफ दिन भने उनी अहिलेसम्म संसदमा उपस्थित भएका छैनन् ।

प्रतिनिधिसभा नियमावलीको नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिन बैठकको पहिलो एक घण्टामा सञ्चालन गर्ने व्यवस्था छ ।

प्रधानमन्त्रीलाई संसदमा उपस्थित गराउन सभामुख अर्यालले यसअघि तीनपटक सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमै पुगेर आग्रह गरेका थिए । गत जेठ ७ गते, साउन १३ गते र साउन २६ गते सभामुखले प्रधानमन्त्रीलाई संसदमा उपस्थित हुन आग्रह गरेका थिए। तर, प्रधानमन्त्रीले उपयुक्त समयमा संसदमा आउने जवाफ दिँदै आएका थिए ।

प्रधानमन्त्रीले संसदलाई निरन्तर बेवास्ता गरेपछि सभामुखले बाध्यकारी रूपमा रुलिङ गर्नुपरेको हो । यद्यपि, प्रधानमन्त्रीको उपस्थितिको मिति निश्चित नभएकाले प्रश्नोत्तर कार्यक्रम कहिले सञ्चालन गर्ने भन्ने टुंगो लागिसकेको छैन ।

यसअघि २०८३ जेठ १७ गतेको बैठकमा प्रधानमन्त्री शाहले आकस्मिक रूपमा केही प्रश्नको जवाफ दिएका थिए । तर, उक्त कार्यक्रम नियमावलीअनुसारको औपचारिक प्रश्नोत्तर भने थिएन । सोही दिन प्रधानमन्त्रीले सीमासम्बन्धी विषयमा दिएका दुई अभिव्यक्तिले विवाद निम्त्याएका थिए ।

प्रधानमन्त्रीको अभिव्यक्तिपछि विपक्षी दलहरूले त्यसबारे तथ्यगत स्पष्टीकरण दिन तथा उक्त भनाइ संसदको अभिलेखबाट हटाउन माग गर्दै आएका थिए । प्रधानमन्त्रीबाट जवाफ नआएपछि विपक्षी दलहरूले जेठमा १४ दिन, असारमा ३२ दिन र साउनमा ३१ दिन गरी ७७/७८ दिनसम्म प्रतिनिधिसभाको प्रत्येक बैठकमा ३० देखि ४० मिनेटसम्म उभिएर विरोध जनाएका थिए ।

सोमबार सभामुख अर्यालले नियमावलीअनुसार प्रश्नोत्तरका लागि प्रधानमन्त्रीलाई रुलिङ गरेपछि लामो समयदेखि जारी संसदीय गतिरोध अन्त्य भएको छ ।

## ‘मेरो घरको गेटमा तेर्स्याइएको गाडी चलाउने प्रहरी थिए’



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले केही समयअघि आफ्नो घरको गेट अगाडि गाडी तेर्स्याइएको घटनाबारे खुलासा गरेका छन् ।

केन्द्रीय कार्यसमिति बैठकको समापन मन्तव्यमा सोमबार व्यक्त गर्दै उनले सो घटना सम्झिएका हुन् । थापाले आफ्नो जलाइएको घरको गेटमा तेर्स्याइएको गाडी प्रहरीले चलाएर ल्याएको खुलासा गरे ।

सभापति थापाले भने, ‘मेरो परिवारका सदस्यहरु गाडी कसले छोडेको हो भनेर बुझ्न जाँदा चलाएर ल्याउने व्यक्ति प्रहरी भएको थाहा भयो ।’

सभापति थापाले भने, ‘केही समयअघि मेरो जलाइएको घरको गेटमा एउटा प्राइभेट गाडी राखियो । त्यो गाडी कसको थियो थाहा भएन । निजी सम्पत्तिमा क्षति पुर्‍याउनु हुँदैन भन्नेमा म सचेत थिएँ । दिउँसो त्यो गाडी उठाएर ट्राफिक कार्यालय लगियो । मेरो परिवारका सदस्यहरु गाडी कसको हो भनेर बुझ्न ट्राफिक कार्यालय जानुभयो । त्यो थाहा पाउने हाम्रो हक थियो । तर कसको गाडी हो भनेर बताइएन । एकछिनपछि एकजना व्यक्ति त्यो गाडी मैले चलाएर लगेको भन्दै आउनुभयो । उहाँको परिचय खोज्दै जाँदा प्रहरी भएको थाहा भयो ।’

सभापति थापाले वर्तमान सरकारले देशमा शासकीय अराजकता निम्त्याइरहेको आरोप लगाए ।

# प्रतिनिधिसभाः शून्य समय सांसदद्वारा जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले जनजीविका र जनचासोका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको शून्य समयमा बोल्ने सांसदहरूले ग्यास अभाव, बाढीपहिरो, बाढीपहिरो प्रभावितको अवस्था, बाढीले सडक अवरुद्ध, मलखाद अभावलगायत जनजीविका र जनसरोकारका विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।



सांसद जगतप्रसाद जोशीले सरकारी कार्यालयमा पटकपटक ‘सर्भरडाउन’ हुँदा सर्वसाधारणले सास्ती पाएकाले भरपर्दो, वैकल्पिक र विश्वनीय सर्भर प्रणालीको विकास गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद जगतराज गिरीले बाजुराको त्रिवेणी गाउँपालिकामा बाढीपहिरोबाट प्रभावितको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्थाको माग गर्नुभयो ।

सांसद जगतसिंह धामीले मुलुकभित्र रहेका ताल क्षेत्रको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गरी आर्थिक गतिविधि चलायमान बनाउनुपर्ने धारणा राख्नुभयो । सांसद जयपती रोकायाले नेपाल र चीनसँग जोडिएको हिल्सा नाकामा राज्यको उपस्थिति प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद झविलाल डुम्रेले प्रेस स्वतन्त्रता लोकतन्त्रको प्राण भए पनि चरित्रहत्या गर्ने अधिकार कसैलाई नभएको स्पष्ट पार्नुभयो । सांसद टीका संग्रौलाले नागरिकको गुनासा सुन्नका लागि सिंहदरबारको गेटमा ‘गुनासो सुन्ने संयन्त्र’को विकास गर्नुपर्ने माग गर्नुभयो ।

सांसद टुक्राभद्रा हमालले साइबर अपराध नियन्त्रण गर्नका लागि आधुनिक र डिजिटल संरचना तयार पार्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद टेकबहादुर शाक्यले पर्सा जिल्लाकी लक्ष्मी खड्काको गत साउन १३ गते घरमा शङ्कास्पद मृत्यु भएको घटनामा सत्यतथ्य छानबिन गर्नका लागि सरकारसँग माग गर्नुभयो ।

सांसद ठाकुरसिंह थारुले बर्दियाका ८० प्रतिशत घरधुरी खानेपानीबाट वञ्चित भइरहेकाले सरकारले उचित ढङ्गले खानेपानीको व्यवस्था गर्न माग गर्नुभयो । सांसद डा ताराप्रसाद जोशीले डडेलधुराको ग्रामीण क्षेत्रमा विद्युत् सेवा नियमित नहुँदा सर्वसाधारण र विद्यार्थी मर्कामा परेकाले यो समस्या समाधान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

सांसद तारा विश्वकर्माले श्रमिकले न्यूनतम तलब र सामाजिक सुरक्षा प्राप्त नगरिरहेका भन्दै यस विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद ताहीर अलिभाटले लघुवित्त पीडित लामो समयदेखि राष्ट्रिय मानवअधिकार आयोगको कार्यालय अगाडि धर्नामा बसिरहेकाले यस विषयमा सरकारले पीडितको माग सम्बोधन गर्नुपर्ने धारणा राख्नुभयो ।

सांसद तौफिक अहमद खानले रुपन्देहीकाका ग्रामीण क्षेत्रका सडक नबन्दा सर्वसाधारणले सास्ती भोग्नुपरेकाले सो समस्या समाधान गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद दीपकराज बोहराले प्रतिनिधिसभाको शून्य समयलाई व्यवस्थित गराउनका लागि माग गर्नुभयो ।

सांसद धर्मराज केसीले लमजुङका विभिन्न सडक निर्माणको पर्खाइमा रहेकाले यसतर्फ सरकारको ध्यान जानुपर्ने भन्दै ध्यानाकर्षण गराउनुभयो । सांसद ध्रुवराज राईले अस्पतालमा उपचार गर्नका लागि सर्वसाधारणले शय्या नपाएको विषयमा संसद्को ध्यानाकर्षण गराउनुभयो ।

सांसद नरेन्द्र साह कलबारले रौतहतका जनताले ग्यास र मलखादको समस्या व्यहोरिरहेका भन्दै यी समस्या समाधान गर्नका लागि सरकारसँग माग गर्नुभयो । सांसद निशा डाँगीले सर्पदंश उपचार केन्द्रमा दक्ष जनशक्ति, ‘एन्टिभेनम’, भेन्टिलेटरलगायत अत्याधुनिक सुविधासहित आवश्यक उपकराण र औषधि उपलब्ध गराउनुपर्ने माग गर्नुभयो ।

सांसद निश्कल राईले इलाम र सुनसरी जिल्लाका विभिन्न सडकको विषयमा बारम्बार संसद्मा आवाज उठाए पनि सुनुवाइ नभएकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद पवित्रा विकले चाडपर्व नजिकिँदै जाँदा बजारमा चिनीको अभाव देखिएको विषयका बारेमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद पुकार बमले बुढानिलकण्ठ नगरपालिका-८ मा रहेको ७७ रोपनी सार्वजनिक जग्गाको विषयमा सरकारको गम्भीर ध्यानकर्षण गराउनुभयो ।

सांसद पुरुषोत्तम शुप्रभात यादवले कृषकले मलखाद र सिँचाइ झेल्नुपरेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद पुनमकुमारी अग्रवालले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल चार वर्षअघि उद्घाटन भए पनि सो क्षेत्रमा गानी गरेका होटेल व्यवसायी मर्कामा परिरहेकाले यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद पूर्णप्रसाद लिम्बूले संखुवासभाका विद्यालयमा इन्टरनेट र विद्युत् नियमित आपूर्ति नहुँदा विद्यार्थीको अध्ययन अध्यापनमा समस्या भइरहेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद प्रकाश गौतमले हेटौँडा सिमेन्ट उद्योग बन्द हुँदा श्रमिकले एक वर्षदेखि तलबमा समेत नपाएकोप्रति गुनासो गर्नुभयो ।

सांसद प्रकाशचन्द्र परिवारले खेललाई अहिलेको समयमा ‘सफ्टपावर’ का रूपमा हेर्न थालिएको बताउँदै पदक र प्रतिष्ठाका लागि खेलिरहेका खेलाडी आशिष राई जस्ता घाइतेको दुःखमा सरकार भएको प्रत्याभूति गराउनुपर्ने बताउनुभयो । सांसद प्रकाशसिंह कार्कीले ‘एउटा नागरिकले कतिपटक आफू नागरिक भएको प्रमाणित गर्नुपर्ने हो ?’ भन्दै सरकारसँग प्रश्न गर्नुभयो ।

सांसद प्रदिप विष्टले देशमा साच्चै ग्यासको अभाव हो कि अभावको त्रास देखाइएको भन्दै यस विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद प्रभा कार्कीले सामाजिक सञ्जालको दुरुप्रयोग रोक्नुपर्नेमा जोड दिनुभयो ।

शून्य समयमा नरेन्द्रकुमार केरुङ, नीतिमा भण्डारी कार्की, नीता घतानी, पारममणी गेलाल, प्रकाश पाठक, प्रभा ढकाल, डा प्रमिलाकुमारी गच्छदार, प्रशान्त उप्रेती, प्रेमबहादुर बयक, प्रेमलाल चौधरीलगायत सांसदहरूले बाढीपहिरोले प्रभावित नागरिक, सडक अवरुद्ध, मलखाद अभावलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/०२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
| --- | --- |
| २०८३/०५/०८ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी | २०८३/०५/१० गते, बुधबार दिनको २ बजे |

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">शाखा कार्यालय : बर्दिबास, महोत्तरी</th></tr>
<tr><td></td><td colspan="2">ऋणीको नाम, ठेगाना</td></tr>
<tr><td rowspan="7">१.</td><td colspan="2">नाम : सिभिल हार्डवयर एण्ड सप्लायर्स<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषा<br>प्रा.फ.र.नं. १९५८०/१५०६/२०७८/०७९, दर्ता मिति : २०७८/११/१६, पान नं. १२१४५१४३३, दर्ता मिति : २०७८/११/२२<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४, प्रोप्राइटर : पुरुषोतम राउत</td></tr>
<tr><td colspan="2">नाम : जोय एग्रीकल्चर फार्म प्रा.लि.<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं<br>दर्ता नं. २६४९९०/०७८/०७९, दर्ता मिति : २०७८/०४/०५, पान नं. ६१००२७२७५, दर्ता मिति : २०७८/०४/०५<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२, संचालक तथा शेयरधनि : पुरुषोतम राउत</td></tr>
<tr><td colspan="2">जमानतकर्ताको विवरण</td></tr>
<tr><td>१. नाम : पुरुषोतम राउत<br>ना.प्र.नं. १८३००२५५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/३०<br>बाबुको नाम : मदन राउत, बाजेको नाम : केदार राउत<br>ठेगाना : महोत्तरी जिल्ला, नैन्ही वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२</td><td>२. नाम : रतन ठाकुर<br>ना.प्र.नं. १७११०२/२९४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६५/०२/०९<br>बाबुको नाम : श्याम ठाकुर हजाम<br>बाजेको नाम : श्वहर ठाकुर<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. १६</td></tr>
<tr><td colspan="2">३. नाम : रिता कुमारी राय<br>ना.प्र.नं. १८-०१-७७-०५७९२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/१०/०६<br>पतिको नाम : पुरुषोतम राउत, ससुराको नाम : मदन राउत<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२</td></tr>
<tr><td colspan="2">धितोको विवरण</td></tr>
<tr><td colspan="2">पुरुषोतम राउतको नाममा मालपोत कार्यालय हरीवन सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ ख स्थित कित्ता नं. ११२ र ३५० को क्षेत्रफल क्रमशः २-५-०-० र ०-१७-५-० (बि.क.धु.क.) तथा सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ घ स्थित कित्ता नं. ११३६ को क्षेत्रफल ०-०-१७-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।</td></tr>
</table>

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# चीनमा एआई उद्योग विस्तार हुँदै




एएफपी । चीनले स्थानीय आवश्यकता र स्रोतसाधनअनुसार कृत्रिम बौद्धिकता (एआई) उद्योगको विकास गर्दै राष्ट्रियस्तरमा एआई पूर्वाधार विस्तारलाई तीव्रता दिएको छ।

एकतिस प्रान्तीयस्तरीय क्षेत्रबाट प्राप्त पछिल्लो आर्थिक तथ्याङ्कले चीनमा एआई उद्योग क्षेत्रगत र भौगोलिक विशेषताअनुसार विकास भइरहेको देखाएको छ। एआईसँग सम्बन्धित उत्पादन तथा सेवाको मागसमेत बढ्दै गएको छ।

चीनको राष्ट्रिय विकास तथा सुधार आयोगअन्तर्गतको स्टेट इन्फर्मेसन सेन्टरका अनुसन्धानकर्ता सियाओ होङवेईले एकीकृत सर्किट र औद्योगिक रोबोटजस्ता उदीयमान उद्योगमा एआईको प्रभाव बढ्दै गएको बताउनुभयो।

"चीनमा एआई प्राविधिक अवधारणाबाट वास्तविक उत्पादकत्व वृद्धिको माध्यममा रूपान्तरण हुने प्रक्रिया तीव्र भइरहेको छ", उहाँले भन्नुभयो।

**एआईका प्रमुख केन्द्र**

यस वर्ष जुनको अन्त्यसम्म चीनको बुद्धिमान कम्प्युटिङ क्षमता वार्षिक १७७ प्रतिशतले बढेर दुई हजार १८५ 'इफलोप्स' पुगेको उद्योग तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ। देशभरका कम्प्युटिङ सुविधाको औसत उपयोग दर ७१ दशमलव चार प्रतिशत रहेको छ।

'इफलोप्स' कम्प्युटिङ क्षमताको मापन गर्ने एकाइ हो । एक इफलोप्स बराबर प्रतिसेकेन्ड एक क्विन्टिलियन फ्लोटिङ-पोइन्ट गणना हो।

सियाओका अनुसार बेइजिङ, साङ्घाई र ग्वाङडोङले प्रविधि, जनशक्ति तथा औद्योगिक पूर्वाधारका कारण एआई उद्योगको विकासमा अग्रणी भूमिका निर्वाह गरिरहेका छन्। यी क्षेत्रले एकीकृत सर्किट, औद्योगिक रोबोटलगायत क्षेत्रमा एआईको पूर्ण औद्योगिक शृङ्खला विकास गरिरहेका छन्।

सन् २०२६-२०३० को पञ्चवर्षीय योजनाका लागि यी तीनै क्षेत्रले विश्वव्यापी एआई प्रतिस्पर्धात्मक क्षमता बढाउने लक्ष्य राखेका छन्।

बेइजिङले आफूलाई विश्वव्यापी एआई नवप्रवर्तन केन्द्रका रूपमा विकास गर्ने प्रयास गरिरहेको छ । नगरको साइबरस्पेस प्रशासनका अनुसार जुलाई २३ सम्म २५९ वटा लार्ज मोडल र १९५ वटा एआई उत्पादन दर्ता भएका छन्।

साङ्घाईमा जुनको अन्त्यसम्म १६९ वटा एआई लार्ज मोडल दर्ता तथा स्वीकृत भएका थिए। सहरका ३९४ ठूला एआई उद्यमले सन् २०२५ मा ६३७ अर्ब युआन (करिब ९३ अर्ब ८५ करोड अमेरिकी डलर) भन्दा बढीको औद्योगिक उत्पादन गरेका थिए। दक्षिणी ग्वाङडोङ प्रान्तमा पनि मुख्य एआई उद्योगको आकार गत वर्ष ३०० अर्ब युआनभन्दा बढी पुगेको थियो।

**क्षेत्रगत विशेषतामा जोड**

चीनका अन्य क्षेत्रले पनि आफ्ना विशिष्ट स्रोतसाधन र औद्योगिक क्षमताका आधारमा एआई विकासका फरक क्षेत्र पहिचान गरेका छन्।

पूर्वी आन्हुई प्रान्तले एआई चिप उद्योगको विकासलाई तीव्रता दिएको छ । प्रान्तको पहिलो १२ इन्च वेफर फाउन्ड्री नेक्सचिप जुलाईमा हङकङ स्टक एक्सचेन्जमा सूचीकृत भएको थियो। ३५ दशमलव पाँच अर्ब युआन लगानी रहेको यसको चौथो चरणको परियोजनाले यस वर्षको चौथो त्रैमासिकमा उत्पादन सुरु गर्ने योजना बनाएको छ।

आन्हुईको राजधानी हेफेईस्थित मेमोरी चिप निर्माता चाङसिन मेमोरी टेक्नोलोजिज पनि जुलाईको अन्त्यमा ए-सेयर बजारमा सूचीकृत भएको थियो।

मध्य चीनको हुबेई प्रान्तले अप्टोइलेक्ट्रोनिक्स उद्योगमा आफ्नो क्षमताको उपयोग गर्दै अप्टिकल सञ्चार, चिप, डिस्प्ले, टर्मिनल र नेटवर्कसम्बन्धी औद्योगिक शृङ्खला विकास गरेको छ। प्रान्तीय राजधानी वुहानलाई 'अप्टिक्स भ्याली अफ चाइना' को प्रमुख केन्द्रका रूपमा विकास गरिएको छ।

त्यस्तै, हेनान प्रान्तले आफ्नो यातायात केन्द्रको पहिचानलाई कम्प्युटिङ क्षमताको केन्द्रका रूपमा विस्तार गरिरहेको छ । अप्रिलमा राजधानी झेङझाउस्थित राष्ट्रिय सुपरकम्प्युटिङ नेटवर्कको मुख्य केन्द्रमा ठूलो वैज्ञानिक बुद्धिमान कम्प्युटिङ क्लस्टर सञ्चालनमा ल्याइएको थियो।

सिन्जियाङ, भित्री मङ्गोलिया र गुइझोउले भने प्रशस्त स्वच्छ ऊर्जा स्रोतको उपयोग गर्दै बुद्धिमान कम्प्युटिङ केन्द्र स्थापना तथा विस्तार गरिरहेका छन्।

**पहाडी क्षेत्रमा एआई केन्द्र**

हुबेईको लिचुआन सहरस्थित वुलिङ पहाडको फेदीमा रहेको लिचुआन एआई कम्प्युटिङ सेन्टरले स्थानीय प्राकृतिक स्रोत र हावापानीलाई एआई पूर्वाधार विकासमा उपयोग गरेको छ।

शीतल हावापानी र पर्याप्त जलविद्युत् उपलब्धताका कारण लिचुआन कम लागतमा कम्प्युटिङ केन्द्र सञ्चालनका लागि उपयुक्त मानिएको छ । केन्द्रमा करिब दुई मिटर अग्ला सर्भर क्याबिनेटहरू जडान गरिएका छन् र यसले करिब १५० 'पेटाफ्लप्स' कम्प्युटिङ क्षमता प्रदान गर्छ। यसको उपयोग दर ८० प्रतिशतभन्दा बढी रहेको छ।

पेटाफ्लप्स एआई तथा तथ्याङ्कमा आधारित कार्यको कम्प्युटिङ गति मापन गर्ने एकाइ हो । एक पेटाफ्लप्स बराबर प्रतिसेकेन्ड एक क्वाड्रिलियन गणना हो।

केन्द्रले हाल संस्कृति तथा पर्यटन, सरकारी सेवा र एयरोस्पेससम्बन्धी क्षेत्रमा सेवा दिइरहेको छ।

लिचुआनको लियाङवु टाउनसिपमा जियोभिस रेउइन टेक्नोलोजी कम्पनीले उपग्रहको सङ्केत प्राप्त गर्ने केन्द्र पनि स्थापना गरेको छ। उक्त केन्द्रले उपग्रहबाट प्राप्त तथ्याङ्क प्रशोधनका क्रममा नजिकैको एआई कम्प्युटिङ केन्द्रको क्षमता प्रयोग गर्न सक्छ।

कम्पनीका सञ्चालन महाप्रबन्धक गाओ कुईका अनुसार पहाडी भूगोल, स्वच्छ विद्युत-चुम्बकीय वातावरण, स्थिर हावापानी र कम्प्युटिङ केन्द्रको निकटताले उपग्रह केन्द्रको सञ्चालनलाई सहज तथा लागत प्रभावकारी बनाएको छ।

एआई कम्प्युटिङ क्षमताले स्थानीय उद्योगलाई समेत सहयोग पुऱ्याएको छ। लिचुआनमा हरेक वर्ष दुई करोडभन्दा बढी पर्यटक पुग्ने भएकाले उनीहरूको आवागमन, खानपान, बसोबास, किनमेल तथा मनोरञ्जनबाट ठूलो परिमाणमा तथ्याङ्क उत्पादन हुन्छ।

यही तथ्याङ्कको उपयोग गरी संस्कृति तथा पर्यटन सेवाका लागि स्वदेशी लार्ज मोडल विकास गरिएको छ। यसबाट एआईमा आधारित स्मार्ट गाइड तथा अन्य पर्यटन सेवा सञ्चालन गर्न सहयोग पुगेको छ।

उद्योग तथा सूचना प्रविधि मन्त्रालयले उच्च गुणस्तरको कम्प्युटिङ पूर्वाधार विकासलाई निरन्तरता दिँदै हब, क्षेत्रीय तथा एज कम्प्युटिङ सुविधाको समन्वयात्मक विस्तारलाई अघि बढाएको छ। मन्त्रालयले देशभरको कम्प्युटिङ क्षमताको अनुगमनका लागि राष्ट्रिय एकीकृत स्वचालित अनुगमन प्रणाली स्थापना गर्ने कामसमेत अघि बढाएको छ।

# पूर्वाधार अभावबीच धनकुटामा खेलाडी उत्पादन



धनकुटा । यतिबेला अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई निलम्बन गरेको अवस्था छ। फिफा र एसियाली फुटबल महासङ्घ (एएफसी) को सदस्य रहेको एन्फा फिफाको कारबाहीमा परेपछि नेपालको पुरुष, महिला वा उमेर समूहका राष्ट्रिय टोलीले फिफा वा एफसीका अन्तरराष्ट्रिय प्रतियोगिता खेल्न नपाउने भएका छन्।

यस्तै फिफा र एएफसीबाट प्राप्त हुने अनुदान तथा विकास कार्यक्रम रोकिन तथा एन्फाका पदाधिकारीले फिफा तथा एएफसीका आधिकारिक बैठक र मतदानमा भाग लिन नपाउने भएका छन् । तर नेपालभित्रका घरेलु प्रतियोगिता (जस्तै लिग वा स्थानीय प्रतियोगिता) सञ्चालन गर्न पाउने भए पनि फिफा र एएफसीको आधिकारिक मान्यता तथा अन्तरराष्ट्रिय अवसरहरु गुमाउने भएको छ।

यद्यपि पछिल्ला वर्षहरुमा धनकुटा जिल्ला राष्ट्रिय खेलकुदका लागि पनि एउटा महत्वपूर्ण प्रतिभा उत्पादन गर्ने थलोका रुपमा स्थापित हुँदै गएको छ । फुटबलदेखि उसु, भलिबल, ब्याडमिन्टन, बक्सिङ र एथलेटिक्ससम्मका विभिन्न विधामा धनकुटाबाट विभिन्न खेलाडी राष्ट्रिय स्तरमा पुग्न सफल भएका छन् । जिल्ला खेलकुद विकास समितिको तथ्याङ्कअनुसार धनकुटाबाट हालसम्म कम्तीमा ३८ खेलाडीले विभिन्न खेलमार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रतिनिधित्व गरिसकेका छन् । तीमध्ये केही खेलाडी नेपाली राष्ट्रिय टोलीका नियमित सदस्य बनेका छन् भने कतिपयले प्रशिक्षक र निर्णायकका रुपमा पनि देशको प्रतिनिधित्व गरिरहेका छन्।

फुटबलमा धनकुटाको उपस्थिति सबैभन्दा बलियो देखिन्छ । फुटबलमा किरण चेम्जोङ, सुजल श्रेष्ठ, बुद्ध चेम्जोङ, राम वाजी, दिलेन राई, पदम भट्टराई, सुमन श्रेष्ठ, विशाल भण्डारी, अशोक भगत श्रेष्ठ, पुरेन्द्रलाल श्रेष्ठलगायतका खेलाडीले राष्ट्रियस्तरमा आफ्नो पहिचान बनाएका छन्। यसैगरी, सुमन श्रेष्ठ फुटबल खेलाडी हुँदै राष्ट्रिय प्रशिक्षक बनेका छन् भने सरिन प्रधान पनि खेलाडी हुँदै अहिले जिल्ला प्रशिक्षकको भूमिकामा रहेका छन्।

विशेषगरी नेपाली राष्ट्रिय फुटबल टोलीका कप्तानसमेत रहिसकेका चेम्जोङ धनकुटाको खेल इतिहासका सबैभन्दा चर्चित नाम हुन् । सुजलले पनि राष्ट्रिय टोलीमा लामो समय योगदान दिए । उनी पनि राष्ट्रिय टोलीका कप्तान भइसकेका छन् । धनकुटाबाट राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने फुटबल खेलाडीहरुको सङ्ख्या मात्रै ११ भन्दा बढी छ । यसले जिल्लामा फुटबलप्रतिको आकर्षण र सम्भावना दुवैलाई देखाउँछ।

फुटबलपछि उसु खेलमा धनकुटाको उल्लेखनीय उपस्थिति छ। उसुमा नयन श्रेष्ठ खेलाडी हुँदै अन्तरराष्ट्रिय निर्णायकका रुपमा काम गरिरहेका छन् भने खेम थापा पनि खेलाडी हुँदै राष्ट्रिय रेफ्रीका रुपमा काम गरिरहेका छन् । यसैगरी, विमल श्रेष्ठ, उत्तम श्रेष्ठ, चित्रसिंह ठकुरी, शिव राई, मेनुका तामाङ, रिजन श्रेष्ठ, निपेन श्रेष्ठ, तन्जुना सुन्दास, कौशिला तामाङ, हेमराज शङ्कर, सागर मल्ल ठकुरी, केदार सिजाली, पवन गुरुङ र सरिता मोक्तान लगायतले राष्ट्रियस्तरमा प्रतिस्पर्धा गरिसकेका छन् । चित्रसिंह ठकुरीले अन्तरराष्ट्रियस्तरसम्म सहभागिता जनाएर जिल्लाको नाम चिनाएका छन्।

भलिबलमा शम्भु प्रधान, ईश्वर श्रेष्ठ र पियुष श्रेष्ठ राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएका छन् । विनय राईले भने राष्ट्रिय निर्णायकका रुपमा काम गरिरहेका छन्। बक्सिङमा सरु मगर र हेमचन्द्र राईले राष्ट्रियस्तरमा प्रतिस्पर्धा गरेका छन् भने ब्याडमिन्टनमा अरुणा तामाङले राष्ट्रिय प्रतियोगितामा धनकुटाको प्रतिनिधित्व गरेकी छन्। एथलेटिक्समा किरण प्रधान खेलाडीका रुपमा रहँदै राष्ट्रिय निर्णायकका रुपमा सक्रिय छन्।

यसैगरी, एथ्लेटिक्समै टिकाराम श्रेष्ठ राष्ट्रिय निर्णायकका रुपमा सक्रिय छन्। कबड्डी तथा खो-खोमा सुरेश रिजाल र रोहित दवाडी राष्ट्रिय निर्णायकका रुपमा परिचित छन् । खेलाडी मात्र होइन, राष्ट्रिय प्रशिक्षक र निर्णायक उत्पादन गर्न सफल हुनु धनकुटाका लागि थप उपलब्धि हो।

धनकुटाबाट राष्ट्रिय खेलाडी उत्पादन हुनुको पछाडि स्थानीय क्लब, विद्यालयस्तरीय प्रतियोगिता, धनकुटामा हुने सहिद भीमनारायण फुटबल प्रतियोगिता, चौबिसे गाउँपालिकामा हुने रारा फुटबल प्रतियोगिता र खेलप्रेमी समुदायको महत्वपूर्ण भूमिका रहेको जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख नवीन प्रधानले बताए । सीमित स्रोतसाधन र पूर्वाधारका बाबजुद खेलाडीहरुले गरेको सङ्घर्ष प्रशंसनीय रहेको उनको भनाइ छ।

केही विधाका खेलमा जिल्ला खेलकुद विकास समितिको प्रशिक्षकको व्यवस्था गरेर खेलाडीलाई सहयोग गरिरहेको प्रधानले बताए। यता खेलाडीहरुले भने क्षेत्रमा धेरै चुनौती भने रहेको बताउँदै जिल्लामा आधुनिक खेल मैदान, कभर्ड हल, नियमित प्रशिक्षण केन्द्र र दक्ष प्रशिक्षकको अभाव रहेको गुनासो गर्दै आएका छन् । धनकुटाको मुख्य खेलमैदानका रुपमा रहेको तल्लो टुँडिखेल जीर्ण बन्दै जानुले पनि खेल क्षेत्रमा चुनौती थपेको छ । त्यसो त नेपालका धेरै जिल्लामा खेल पूर्वाधार अभावकै बीच प्रतिभा उत्पादन भइरहेको अवस्था छ।

खेलकुद क्षेत्रमा स्थानीय तह, प्रदेश सरकार र राष्ट्रिय खेलकुद परिषद्ले खेल पूर्वाधारमा लगानी बढाउने हो भने धनकुटाले अझ धेरै राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी उत्पादन गर्न सक्ने जिल्ला बक्सिङ सङ्घका अध्यक्ष विदुर खवासले बताए । खेलकुदमा लगानीले युवालाई सकारात्मक दिशातर्फ उन्मुख गराउने र जिल्लाको पहिचानलाई राष्ट्रियस्तरमा स्थापित गर्ने उनको भनाइ छ। धनकुटाले अहिलेसम्म उत्पादन गरेका ३८ राष्ट्रियस्तरका खेलाडीहरू केवल व्यक्तिगत सफलताका उदाहरण मात्र होइनन्, उनीहरु जिल्लाको सामूहिक खेल सम्भावना र क्षमताका प्रतीक रहेको खवासको भनाइ छ।

उचित अवसर, पूर्वाधार र प्रोत्साहन प्राप्त भएमा धनकुटा नेपाली खेलकुदको प्रमुख प्रतिभा केन्द्रका रुपमा अझ मजबुत रुपमा स्थापित हुने खवासको भनाइ छ। खवासले खेलकुदमा ज्यादै कम लगानी हुनु, जिल्लामा खेलाडी प्रशिक्षणका लागि कभर्ड हल, व्यवस्थित खेलमैदान नहुनु मुख्य समस्या रहेको बताए । उनले राज्यले हेर्ने दृष्टिकोण परिवर्तन गरेर लगानी बढाएर खेलमैत्री वातावरण बनाउँदै गाउँगाउँमा रहेको योग्य खेलाडीको पहिचान गर्नुपर्ने तथा आफ्नालाई छनोट गर्ने चलनको अन्त्य भएमा धनकुटाले धेरै राम्रा खेलाडी उत्पादन गर्ने बताए। रासस

# भारतमा आगलागी र भागदौडमा १५ हिन्दू भक्तजनको मृत्यु



एएफपी । पूर्वी भारतमा हिन्दूहरूका देवता शिवको पूजा तथा जल अर्पण गर्न सोमबार भेला भएका कम्तीमा १५ जनाको दुई अलग-अलग घटनामा मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

पश्चिम बङ्गाल राज्यको तारापीठमा रहेको एक होटलमा लागेको आगलागीबाट आठ जनाको मृत्यु भएको छ भने छिमेकी बिहारमा रहेको शिव मन्दिरमा भएको भागदौडमासात जनाको मृत्यु भएको छ।

होटलको आगलागीमा ज्यान गुमाएका पीडितहरू श्रावण महिनाको अन्तिम सोमबार प्रार्थना गर्न तारापीठ आएका थिए। श्रावण महिना शिवलाई समर्पित पवित्र महिना हो जसले भक्तहरूको शिव मन्दिरमा ठूलो भीड आकर्षित गर्छ।

"आफ्ना प्रियजन गुमाएका परिवारहरूप्रति मैले महसुस गरेको दुःख शब्दले व्यक्त गर्न सकिँदैन," पश्चिम बङ्गालका मुख्यमन्त्री सुभेन्दु अधिकारीले सामाजिक सञ्जालमा जारी एक वक्तव्यमा भन्नुभएको छ।

आगोको कारण तत्काल थाहा हुन सकेको छैन । बिहारमा लाखिसराय जिल्लाको अशोक धाम मन्दिरमा भीडभाड भएपछि भागदौडका क्रममा सात तीर्थयात्रीको कुल्चिएर चोट लागेका कारण मृत्यु भएको हो। घटनामा १९ जना घाइते भएका बताइएको छ।

मन्दिर परिसरभित्रको विद्युतीय पोल भक्तहरूमाथि खसेको अफवाह फैलिएपछि भागदौड सुरु भएको जिल्ला प्रशासक शैलेन्द्र कुमारले एएफपीलाई बताउनुभयो।

बिहारका मुख्यमन्त्री सम्राट चौधरीले यस घटनालाई 'हृदय विदारक' भन्नुभएको छ । प्रत्येक पीडितको परिवारलाई चार लाख रुपैयाँ (चार हजार १८० अमेरिकी डलर बराबर) क्षतिपूर्ति घोषणा गरेका छन्।

भारतका ठूला जमघट र धार्मिक चाडपर्वमा भीडभाड भई भागदौड मच्चिँदा मानवीय क्षति हुने गरेको देखिन्छ। मुख्यतया भीड व्यवस्थापनमा कमजोरीका कारण यस्ता घटना दोहोरिने गरेका पाइन्छ।

भारतको पछिल्लो सबैभन्दा धेरै मानवीय क्षति भएको घटनामध्ये सन् २०२४ मा उत्तर प्रदेशमा भएको भागदौड हो । उक्त हजारौँ भक्तहरूको धार्मिक जमघटमा भागदौड मच्चिँदा कम्तीमा १२० जनाको मृत्यु भएको थियो।

# हर्मुज पारवहनबारे ओमानसँग इरानको समझदारी



एएफपी । इरानले विश्वको महत्त्वपूर्ण जलमार्ग हर्मुज जलघाँटीबाट व्यावसायिक जहाजको पारवहन व्यवस्थापनसम्बन्धी संयुक्त वक्तव्यलाई ओमानसँग अन्तिम रूप दिने तयारी भइरहेको जनाएको छ। यो पहल इरान र अमेरिकाबीच युद्ध अन्त्य तथा शान्ति सम्झौताका लागि तय गरिएको ६० दिने वार्ता अवधि कुनै ठोस सहमतिबिना सकिन लागेका बेला आएको हो।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले सोमबार तेहरानमा पत्रकारहरूसँग कुरा गर्दै हर्मुज जलघाँटीमा जहाजको पारवहन मार्गसम्बन्धी समझदारी भइसकेको र त्यसलाई संयुक्त वक्तव्यमार्फत अन्तिम रूप दिने काम भइरहेको बताउनुभयो।

उहाँले विस्तृत विवरण नदिए पनि यसअघि सार्वजनिक भएका विवरणअनुसार प्रस्तावित व्यवस्थामा इरानतर्फको जलमार्गबाट जहाज प्रवेश गर्ने र ओमानतर्फको जलमार्गबाट बाहिरिने व्यवस्था हुन सक्नेछ । अन्तरिम अवधिमा जहाजलाई शुल्क वा टोल नलिई पारवहन गराउने विषयमा पनि छलफल भएको बताइएको छ।

अमेरिकाले इरानीबन्दरगाहमाथिकोनाकाबन्दी हटाउनुअघि हर्मुज जलघाँटी व्यावसायिक ढुवानीका लागि पुनः खोल्नुपर्ने माग गर्दै आएको छ। तर इरान र ओमानबीच तयार भइरहेको व्यवस्थाले अमेरिकी अपेक्षा पूरा गर्छ कि गर्दैन भन्ने स्पष्ट भइसकेको छैन।

इजरायल र अमेरिकासँगको युद्धपछि इरानले प्रभावकारी रूपमा हर्मुज जलघाँटीमा जहाजको आवागमन सीमित गरेको थियो। युद्धअघि विश्वको कुल व्यापारिक तेल आपूर्तिको करिब पाँचौँ भाग यही जलमार्ग हुँदै ओसारपसार हुने गरेको थियो।

बाघाईले ओमानसँगको वार्ता अपेक्षाकृत ढिलो भएको स्वीकार गर्दै नक्सासम्बन्धी समझदारी र संयुक्त वक्तव्यलाई एउटै प्याकेजका रूपमा अन्तिम रूप दिने योजना रहेको बताउनुभयो।

यसैबीच, इरान र अमेरिकाबीच युद्ध अन्त्यका लागि तय गरिएको ६० दिने वार्ता अवधि सकिन लाग्दा पनि दुवै पक्षबीच सहमतिको स्पष्ट सङ्केत देखिएको छैन। वार्ता अवधि थप गर्ने विषयमा पनि तत्काल कुनै घोषणा भएको छैन।

मध्यपूर्वमा जारी तनावकै बीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ तथा मध्यपूर्व वार्ताकार जारेड कुसनरले सोमबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेटवार्ता गर्नुभएको छ। कुसनरले त्यसअघि इजिप्टमा हमासका नेता खलील अल-हय्यासँग समूहको निशस्त्रीकरणबारे छलफल गर्नुभएको थियो।

इजरायलले गाजामा युद्धविरामका लागि अमेरिकाको समर्थनमा अघि सारिएको १५ बुँदे योजनालाई अस्वीकार गरेपछि कुसनर र नेतान्याहुबीचको भेटवार्ता भएको हो । हमासले भने उक्त योजनामा सहमति जनाउँदै मध्यस्थकर्ता र अमेरिकी नेतृत्वमा गठित शान्ति बोर्डलाई इजरायललाई पनि योजना स्वीकार गर्न बाध्य पार्न आग्रह गरेको छ।

योजनाअनुसार इजरायली सेना गाजाबाट चरणबद्ध रूपमा फिर्ता हुनुपर्नेछ। तर इजरायलले हमास पूर्ण रूपमा निशस्त्र नभएसम्म आफ्ना सेना फिर्ता नहुने अडान राख्दै आएको छ । इजरायली सेनाले हाल गाजाको करिब ६० प्रतिशत भूभाग नियन्त्रणमा राखेको छ भने प्रधानमन्त्री नेतान्याहुले सैन्य कारबाही थप अघि बढाउने चेतावनीसमेत दिनुभएको छ।

# रोनाल्डोद्वारा सन्यास लिने संकेत

एजेन्सी । क्रिस्टियानो रोनाल्डोले २०२६-२७ सिजनपछि फुटबलबाट सन्यास लिन सक्ने संकेत गरेका छन्।

पोर्चुगलका ४१ वर्षीय स्टारले आफू खेलाडी जीवनको अन्तिम चरणमा पुगेको बताउँदै सम्भवतः यो नै आफ्नो अन्तिम वर्ष हुने बताएका हुन्।

अल नासरसँग रोनाल्डोको सम्झौता जुन २०२७ सम्म रहे पनि उनले खेलाडी जीवनबारे यस्तो संकेत दिएका छन्। पछिल्लो अन्तर्वार्तामा उनले भने, 'यो सम्भवतः फुटबलमा मेरो अन्तिम वर्ष हो र म शानदार विरासत छाड्न चाहन्छु।

गत नोभेम्बरमा रोनाल्डोले आफू अझै एक वा दुई वर्ष खेल्ने बताएका थिए। साथै, २०२६ को विश्वकप आफ्नो अन्तिम विश्वकप हुने पनि पुष्टि गरेका थिए । विश्वकपमा स्पेनसँग पराजित हुँदै पोर्चुगल अन्तिम १६ बाट बाहिरिएपछि भने उनले संन्यासको समयबारे स्पष्ट पारेका थिएनन्।

पछिल्लो अभिव्यक्तिमा रोनाल्डोले फुटबलपछि आफ्नो जीवनका लागि योजना बनाइसकेको बताए । परिवारसँग बढी समय बिताउनेदेखि यात्रा, प्याडेल खेल्ने र आफूले कमाएको उपलब्धिको आनन्द लिने उनको योजना छ।

'मैले आफ्नो भविष्यका लागि सबै योजना बनाइसकेको छु। मलाई व्यस्त राख्ने धेरै कुरा छन्। एउटा मात्र कुरा भन्न पनि गाह्रो छ, उनले भने, 'फुटबल छाडेपछि ठूलो खालीपन हुन सक्छ । त्यसैले समयलाई विभिन्न गतिविधिमा लगाउनुपर्छ । बढी रमाइलो गर्नुपर्छ, यात्रा गर्नुपर्छ, प्याडेल हेर्न र खेल्नुपर्छ र मैले हामीले कमाएको उपलब्धिको आनन्द लिनुपर्छ। आखिर यो २५ वर्षको यात्रामा धेरै त्याग गरिएको छ।

पाँचपटक बालोन डी'ओर जितेका रोनाल्डोले स्पोर्टिङसिपीबाट करिअर सुरु गरेका थिए। त्यसपछि म्यानचेस्टर युनाइटेड, रियल मड्रिड र युभेन्टसबाट खेल्दै सन् २०२३ मा अल नासर पुगेका थिए।

रियलमा बिताएका ९ वर्ष उनको करिअरकै सर्वाधिक सफल अवधिमध्ये एक रह्यो । उनले स्पेनिस क्लबका लागि ४ सय ३८ खेलमा ४ सय ५० गोल गर्दै क्लबको सर्वाधिक गोलकर्ताको कीर्तिमान बनाएका छन्।

२०२६ को विश्वकपमा रोनाल्डोले ३ गोल गरे पनि पोर्चुगल अन्तिम १६ बाटै बाहिरिएको थियो।

रोनाल्डोको पछिल्लो भनाइ लियोनल मेस्सीले पनि आफ्नो खेलाडी करिअरबारे अनिश्चितता व्यक्त गरेको केही दिनपछि आएको हो । मेस्सीले आफ्ना पिता जर्ज मेस्सीको निधनपछि आफूले अझै कति समय फुटबल खेल्ने भन्ने निश्चित नभएको बताएका थिए।



# पश्चिम बंगालको होटलमा आगलागी हुँदा सात जनाको मृत्यु

एएफपी। भारतको पूर्वी राज्य पश्चिम बंगालको एउटा होटलमा सोमबार बिहान भएको भीषण आगलागीमा परी कम्तीमा सात जनाको मृत्यु भएको छ भने अन्य केही घाइते भएका छन्।

प्रहरीका अनुसार राजधानी कोलकाताबाट करिब २२० किलोमिटर उत्तरमा पर्ने बिरभूम जिल्लाको तारापीठस्थित चारतले होटलको भुइँतल्लामा बिहान सबेरै आगलागी सुरु भएको थियो। प्रहरी अधिकारीका अनुसार भुइँतल्लाको रिसेप्सनमा प्रयोग गरिएका फल्स सिलिङ, फाइबरग्लास तथा अन्य ज्वलनशील सामग्री जलेर निस्किएको विषाक्त धुवाँका कारण अधिकांशको मृत्यु भएको हो।

आगलागी हुँदा होटलका अधिकांश पाहुना निद्रामा थिए। आगो लागेपछि ब्युँझिएका पाहुनाहरू अन्योलमा परेका र बाहिर निस्कने बाटो पहिल्याउन कठिनाइ भएको प्रहरीले जनाएको छ।

सूचना प्राप्त भएलगत्तै प्रहरी तथा दमकलकर्मी घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिनुका साथै होटलभित्र रहेका मानिसको उद्धार गरेका थिए।

मृतकमध्ये केही तारापीठस्थित हिन्दु मन्दिरमा पूजाका लागि आएका तीर्थयात्री रहेको अधिकारीहरूले बताएका छन्।

आगलागी माथिल्ला तलासम्म तीव्र रूपमा फैलिएपछि ठूलो क्षति भएको छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको छ। प्रारम्भिक विवरणमा सर्ट सर्किटका कारण आगो लागेको हुन सक्ने आशङ्का गरिएको प्रहरीले जनाएको छ।

# ग्राहकलाई दिगो र भरपर्दो विद्युत् आपूर्ति चुनौतीपूर्ण देखिएको छः मन्त्री श्रेष्ठ



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले देशमा उत्पादित विद्युत् खेर जाने अवस्था अन्त्य गर्न माग र आपूर्तिबीच सन्तुलन कायम गरी प्रसारण सञ्जाल अघि बढाइने बताउनुभएको छ।

मन्त्री श्रेष्ठले नेपाल विद्युत् प्राधिकरणको ४१औँ वार्षिकोत्सवका अवसरमा उहाँले विद्युत् खेर जाने अवस्था अन्त्य र आपूर्ति सन्तुलन कायम गर्न मन्त्रालयको स्पष्ट कार्ययोजना रहेको प्रष्ट पार्नुभयो।

"अतिरिक्त विद्युत्लाई तेस्रो बजारमा निर्यात गरी वैदेशिक व्यापार घाटा न्यूनीकरण गर्दै जाने मार्गमा अगाडि बढेका छौँ", उहाँले भन्नुभयो, "हिजोका दिनमा विद्युत्को पहुँच विस्तार गर्नुपर्ने चुनौती थियो भने आज ग्राहकलाई दिगो र भरपर्दो विद्युत् आपूर्ति चुनौतीपूर्ण देखिएको छ।"

अर्को वर्षपछि मन्त्रालयको प्राथमिकता वितरण प्रणालीको आधुनिकीकरणमा हुने बताउँदै मन्त्री श्रेष्ठले भन्नुभयो, "उपभोक्ताले विद्युत् पाउने मात्र होइन, भरपर्दो, गुणस्तरीय र अविच्छिन्न विद्युत् सेवा पाउने अवस्था सिर्जना गर्नुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा छ।"

उहाँले पुराना तथा जीर्ण संरचनाको प्रतिस्थापन, क्षमता अभिवृद्धि, स्मार्ट प्रणालीको प्रयोग, चुहावट नियन्त्रण, माग व्यवस्थापन र सेवा प्रवाहमा डिजिटल प्रविधिको विस्तार अब विकल्प नभइ आवश्यकता भएको बताउनुभयो।

ऊर्जा क्षेत्रको बृहत्तर विकासका लागि सरकारको लगानी मात्र नभएर ठूला पूर्वाधार निर्माणका लागि उल्लेख्य पुँजी आवश्यक रहेको बताउँदै मन्त्री श्रेष्ठले निजी क्षेत्र, वित्तीय संस्था, विकास साझेदार र अन्तरराष्ट्रिय लगानीकर्ताको साझेदारीमा आयोजना अघि बढाइने जानकारी दिनुभयो।

आर्थिक वर्षमा सरकारको ध्यान प्रसारण पूर्वाधारको विस्तार र सुधारमा केन्द्रित रहेको बताउँदै मन्त्री श्रेष्ठले उत्पादन बढ्दै जाँदा उच्च विद्युत भार बहन गर्ने प्रसारण प्रणाली कमजोर रह्यो भने उत्पादनको अर्थ नरहने पनि स्पष्ट पार्नुभयो। रासस

# 'रिटर्नी' उद्यमीको सीप र पुँजी नेपालको आर्थिक विकासको आधार बन्नसक्छ

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले कोरियामा विभिन्न क्षेत्रका श्रम गरेर फर्किएका ठूलो संख्याका रिटर्नी उद्यमी नेपालीहरूको सीप र पुँजीलाई नेपालले अधिकतम रुपमा प्रयोगमा ल्याउनुपर्ने बताउनुभएको छ।

नेपाल-कोरिया उद्यमी व्यवसायी सङ्घले आयोजना गरेको अन्तरक्रियामा उहाँले कोरियामा रहँदा विभिन्न क्षेत्रमा श्रम गरी ज्ञान र सीप हासिल गरेका उनीहरुको क्षमताको सदुपयोग गर्न सकिएमा नेपालको आर्थिक रूपान्तरणको मुख्य आधार निर्माण हुनसक्ने धारणा राख्नुभयो।

नेपाल कोरिया श्रम सम्बन्ध दुई देशबीचको कूटनीतिक र सांस्कृतिकसँगै आर्थिक र व्यावसायिक साझेदारीको जीवन्त उदाहरण भएको पनि आइएमई ग्रुपका अध्यक्ष ढकालले बताउनुभयो। हजारौं नेपाली युवाले कोरियामा काम गरी हासिल गरेको सीप, अनुभव र पुँजी नेपालको उद्यमशीलता विकासका लागि बहुमूल्य सम्पत्ति रहेकाले यसलाई संस्थागत गरी नेपालको विकासमा लगाउन राज्य र निजी क्षेत्र संयुक्त रुपमा लाग्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

कोरियाले साठी वर्षअघि गरिबीबाट औद्योगिक शक्तिमा फड्को मार्दा अपनाएको अनुशासित कार्यसंस्कृति, गुणस्तरमा जोड, प्रविधिको विकास, निर्यातमुखी उत्पादन र सरकार-निजी क्षेत्रबीचको समन्वयजस्ता पाठ नेपालमा पनि लागू हुन सक्ने उहाँले बताउनुभयो। रिटर्नी




उद्यमीहरूले सिकेको अनुशासन र उत्पादकत्वमा आधारित कार्यसंस्कृति स्वदेशी उद्योगमा लागू गर्न सकेमा नेपालको औद्योगिक चरित्र नै परिवर्तन हुन सक्ने उहाँको भनाइ थियो।

जलविद्युत, कृषि प्रशोधन, पर्यटन, सूचना प्रविधिलगायत साना-मझौला उत्पादनमूलक क्षेत्रमा नेपालमा प्रशस्त लगानी सम्भावना रहेको बताउँदै निवर्तमान अध्यक्ष ढकालले भारत-चीनसँगको भौगोलिक निकटता र सुध्रिँदै गएको लगानी वातावरणले नेपाललाई क्षेत्रीय उत्पादन आधारका रूपमा स्थापित हुने अवसर दिएको बताउनुभयो। उहाँले लगानीमैत्री नीति र एकद्वार सेवाका लागि सरकारसँग निरन्तर संवाद गरिरहेको र यो अभियान थप तीव्र पारिनुपर्ने आवश्यकता पनि औँल्याउनुभयो।

देशभर छरिएर रहेको साना पुँजीलाई एकीकृत गरी ठूला आयोजनामा लगानी गर्न १० अर्ब रुपैयाँ पुँजीको नेपाल डेभलपमेन्ट कम्पनी लिमिटेड स्थापना गरिएको जानकारी दिँदै उहाँले नयाँ व्यवसाय सुरु गर्न चाहने रिटर्नीहरूका लागि उक्त कम्पनीले लगानी साझेदार बन्ने र सानो पुँजी भएकाहरूका लागि नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेडमार्फत पनि लगानी गर्न सकिने बताउनुभयो। रासस

# कृषि बीमाको प्रिमियममा अनुदान उपलब्धि गराउने कार्यविधि संशोधन




काठमाण्डु । कृषि, वन तथा पर्यावरण मन्त्रालयले 'कृषि पशुपन्छी तथा जडिबुटी बीमाको प्रिमियममा अनुदान उपलब्धि गराउने कार्यविधि, २०८३' सोमबारदेखि कार्यान्वयनमा ल्याएको छ।

मन्त्री गिता चौधरीले मन्त्रिस्तरीय निर्णयबाट कार्यान्वयमा ल्याइएको सो कार्यविधिले यस अघिको कार्यविधिका तुलनामा प्रक्रियालाई सरलीकरण बनाएको र सरोकारवाला व्यक्ति तथा निकायलाई जिम्मेवारी बनाएको छ। कार्यान्वयनका लागि मन्त्रालयले सबै प्रदेशका कृषि सम्बन्धी मन्त्रालयमा कार्यविधि पठाईएसकेको जनाएको छ।

कार्यविधिमा कृषि पशुपन्छी तथा जडिबुटी बीमा कार्यक्रम कार्यान्वयनको समन्वय गर्न मन्त्रालयका सचिवको अध्यक्षतामा नौ सदस्यीय निर्देशक समिति गठनको व्यवस्था गरिएको मन्त्रालयका उपसचिव शिवा अर्यालले जानकारी दिनुभयो।

त्यस्तै सम्बन्धित प्रदेशको कृषि मन्त्रालयको सचिवको संयोजकत्वमा एक समन्वय समिति रहने र सो समितिको संरचना प्रदेश मन्त्रालयले गठन गरेबमोजिम हुने उल्लेख कार्यविधिमा उल्लेख छ।

कार्यविधिअनुसार कृषि सम्बन्धी बीमालेखअन्तर्गत अदुवा, अन्न विऊ बाली उत्पादन, अलैची, आँप, आलु, उखु, कफि, कागती, किवी, केरा, खाद्यान्न बाली, चिया, च्याउ, जुनार, ड्रागन फल, तरकारी, दलहन बाली, धान, फलफूल, बेसार, मौरी, सुन्तला, ओखर, स्याउ रहेका छन्।

त्यस्तै जडिबुटी सम्बन्धी बीमालेखअन्तर्गत टिमुर र मेन्था तथा पशुपन्छी बीमालेखअन्तर्गत पन्छी, पशुधन, बंगुर, बाख्रा, माछा र घाँसे बाली रहेका छन्।

त्यस्तै बीमांक रकम प्रति बीमालेख रु एक करोडसम्म ८० प्रतिशत र रु एक करोड भन्दा माथिको अतिरिक्त बीमांक रकमको हकमा ५० प्रतिशत अनुदान प्राप्त हुने व्यवस्था कार्यविधिमा उल्लेख छ। रासस

## साउन महिना सरकारी राजश्वमा वृद्धि : महालेखा नियन्त्रक कार्यालय

काठमाण्डु। चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा सरकारी राजश्व सङ्कलनमा उल्लेख्य वृद्धि देखिएको छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार गत साउन महिनामा सरकारको आम्दानी रु ९३ अर्ब ४३ करोड ६३ लाख हाराहारी देखिएको हो। जुन गत आर्थिक वर्षको पहिलो महिनाको कुल प्राप्तिको तुलनामा करिब १० प्रतिशत अर्थात् रु आठ अर्ब २४ करोडले वृद्धि हो।

महालेखा नियन्त्रक कार्यालयका अनुसार कर राजश्वतर्फको कुल प्राप्ति रु ८५ अर्ब १९ करोड ६ लाख र गैरकर राजश्वतर्फको कुल प्राप्ति रु सात अर्ब तीन करोड ४७ लाख छ। त्यस्तै, सरकारले पहिलो महिना रु २४ करोड तीन लाख वैदेशिक अनुदान सहायता लिएको छ। चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १६ खर्ब ४२ अर्ब ६ करोड ३७ लाख आम्दानी गर्ने लक्ष्य राखेको छ।

चालु आर्थिक वर्षको पहिलो महिनाको बजेट खर्च रु ४१ अर्ब ८८ करोड ५८ लाख रहेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ। चालु आर्थिक वर्षका लागि कुल रु २१ खर्ब २४ अर्ब ३४ करोड ४४ लाख बराबरको बजेट ल्याइएको थियो। साउन महिनाको बजेट खर्च वार्षिक विनियोजनको एक दशमलव ९७ प्रतिशत हो।

चालु शीर्षकमा यसवर्ष रु १२ खर्ब ७० अर्ब ५८ करोड ९० लाख विनियोजन भएकोमा साउन मसान्तसम्ममा एक दशमलव ६८ प्रतिशत अर्थात् रु २१ अर्ब ४० करोड ३८ लाख खर्च भएको छ। त्यस्तै, पुँजीगत शीर्षकमा रु चार खर्ब ३१ अर्ब १० लाख ६३ हजार विनियोजन भएकोमा शून्य दशमलव ३१ प्रतिशत खर्च भएको छ। रासस

# टीभीएसको अर्बिटर सार्वजनिक



**टुडे समाचारदाता**

जनकपुरधाम । टीभीएस मोटर कम्पनीको नयाँ विद्युतीय स्कुटर टीभीएस अर्बिटर सार्वजनिक गरि एसंगै जनकपुरधाममा समेत बिक्री वितरण थालिएको छ । टीभीएसको यो दोस्रो विद्युतीय स्कुटर हो । टीभीएसको आधिकारीक विक्रेता आर्यन अटोमोबाईल्स जनकपुरले सोमबार एक कार्यक्रमका बीच उक्त मोडल सार्वजनिक गरेको छ।

दैनिक शहरी यात्रालाई लक्षित गरी स्मार्ट, दिगो र कनेक्टेड ईभी समाधानका रूपमा रहेको टीभीएसको आर्बिटरले तराई क्षेत्रका ग्रामिण तथा सहरी भेगमा यात्रा गर्न सहज हुने आर्यन अटोमोबाईल्सका सञ्चालक रामबालक महतोले जानकारी दिए।

सञ्चालक महतोले अर्बिटरमा ३.१ किलोवाट-घण्टा ब्याट्री प्रयोग गरिएको छ, जसले १५८ किलोमिटरको आईडीसी रेञ्ज प्रदान गरेको बताए। स्कुटरमा क्रुज कन्ट्रोल, हिल होल्ड असिस्ट, ३४ लिटर बुट स्पेस, कनेक्टेड मोबाइल एप र ओटीए अपडेट जस्ता आधुनिक सुविधा समावेश छन्। यसमा उद्योगमै पहिलो मानिएको १४ इन्च फ्रन्ट ह्विल प्रयोग गरिएको उनको दाबी छ। यसले शहरी सडकमा उत्कृष्ट ग्रिप, स्थिरता र सहज ह्यान्डलिङ प्रदान गर्ने उनले बताए।

अर्बिटरमा एज-टु-एज फ्रन्ट एलईडी लाइट, भाइजरसहितको एलईडी हेडलाइट, कल डिस्प्ले भएको कलर एलसीडी कनेक्टेड क्लस्टर, यूएसबी २.० चार्जिङ पोर्ट, ८४५ एमएम फ्ल्याटफर्म सिट, १६९ एमएम ग्राउन्ड क्लियरेन्स तथा २९० एमएम स्ट्रेट-लाइन फुटबोर्ड जस्ता सुविधा उपलब्ध छन्।

अर्बिटरमा इको र पावर गरी दुई राइडिङ मोड उपलब्ध छन्। रिजेनेरेटिभ ब्रेकिङ प्रणालीले रेन्ज र सुरक्षामा सहयोग पुऱ्याउने कम्पनीको भनाइ छ। यसका साथै जियोफेन्सिङ, लाइभ लोकेसन ट्र्याकिङ, चोरी अलर्ट, दुर्घटना सूचना, स्कुटर ढलेको अलर्ट र नेभिगेट-टु-भेहिकल जस्ता कनेक्टेड सुरक्षा सुविधा पनि समावेश छन् । स्कुटर नियोन सनबर्स्ट, कोस्मिक टाइटानियम र मार्सियन कपर गरी तीन रङमा उपलब्ध रहेको महतोको भनाइ छ।

# करदाता प्रोत्साहन पुरस्कार : दोस्रो चरणका विजेताको छनोट

काठमाण्डु। करदाता प्रोत्साहन पुरस्कारअन्तर्गत साउन महिनाको दोस्रो पाक्षिक पुरस्कार सोमबार घोषणा हुने भएको छ। आन्तरिक राजस्व विभागले अर्थ मन्त्रालयमा कार्यक्रम आयोजना गरी अर्थमन्त्री डा स्वर्णिम वाग्ले र अर्थसचिव डा घनश्याम उपाध्यायमार्फत पुरस्कार घोषणा गर्न लागेको विभागले जनाएको छ।

गत साउन १६ गतेदेखि ३१ गतेसम्म नियमसम्मत क्यूआर कारोबारबाट उपहार योजनामा स्वतः सहभागी भएका उपभोक्ताको कारोबार संख्या २ करोड ५६ लाख ८ हजार ९४ बाट बढेर ३ करोड २० लाख ८६ हजार ३८० पुगेको छ।

विभागका अनुसार पछिल्लो १७ दिनको उपहार योजनामा कुल कारोबार सङ्ख्या ३ करोड २४ लाख ४३ हजार २२९ पुगेको छ। यिनैमध्येबाट आज १७ जना विजेता छनोट गरिनेछ।




कारोबारमा संलग्न उपभोक्ता आज घोषणा हुने पुरस्कारमा सहभागी हुनेछन् । विभागका अनुसार सुरुआती पहिलो महिनामै पुरस्कारमा सहभागी हुने उपभोक्ताको संख्यामा उछाल आएको छ। उक्त अवधिमा मात्रै तीन लाख ५७ हजार १४९ वटा नगद कारोबारका बिलहरू उपहारका लागि दर्ता (अपलोड) भएका छन्।

यसअघि साउनको पहिलो १५ दिनमा बिल अपलोड गर्ने उपभोक्ताको कारोबार सङ्ख्या ७ हजार ७७ मात्रै थियो । साथै जसमा साउन १६ गतेदेखि ३१ गतेसम्मका १७ दिनका एक-एक जनाले प्रतिव्यक्ति १ लाख ३३ हजार ३३४ रुपैयाँ जित्नेछन्। उनीहरूले कर कटाएर खुद १ लाख प्राप्त गर्नेछन्।

यस्तै, यी सबैमध्येबाट एक जनाले बम्पर उपहारस्वरूप १० लाख रुपैयाँ जित्नेछन् । यो पुरस्कार रकममा २५ प्रतिशत कर लाग्नेछ । आजको कार्यक्रममा गत साउनको पहिलो पाक्षिकमा उपहार जित्नेहरूलाई नगद पुरस्कार प्रदान गर्ने कार्यक्रम छ।


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मेहेन्द्रनगर, धनुषाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०५/०२ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०१/१७ गते सोमवारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सुचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले मिति २०८२/०३/०९ गते सोमबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री सम्वन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना वमोजिम कर्जा चुक्ता तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय महेन्द्रनगर धनुषामा शाखामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०५/०९ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय महेन्द्रनगर, धनुषामा शाखामा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

१. **ऋणीः** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६५/०२/०१ मा प्रा.फ.र.नं. ७२३/ ३५६/०६४/६५ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, धनुषाबाट मिति २०६५/०२/०१ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२८७२७२३ को प्रमाणपत्र प्राप्त **पवन सप्लायर्स।**
**रजिष्ट्रर्ड ठेगानाः** धनुषाजिल्ला, क्षिरेश्वरनाथ नगरपालिका, वडा नं. ५।

**प्रोप्राइटर तथा जमानतकर्ताः सन्त कुमार सिंह** (ना.प्र.नं. १७ १०२३२२६३, जारी मिति २०४६/०१/२७, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा)। ठेगानाः धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ३ (साविक बटेश्वर गा.वि.स. वडा नं.६)। बाबुः बासुदेव प्रसाद सिंह। बाजेः फेकन महतो।

**जमानतकर्ताः पवन सिंह** (ना.प्र.नं. १७-०१-७३-०८८४७, जारी मिति २०७३/०७/२४, जारी गर्ने कार्यालय जि.प्र.काः धनुषा)। ठेगानाः धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ३ (साविक बटेश्वर गा.वि.स. वडा नं. ६)। बाबुः सन्त कुमार सिंह। बाजेः बासुदेव प्रसाद सिंह।

**जमानतकर्ताः हिरा कुमारी महतो** (ना.प्र.नं. ३००३/९२, जारी मिति २०७०/०२/२१, जारी गर्ने कार्यालय जि.प्र.काः सिरहा)। स्थाई ठेगानाः सिरहा जिल्ला, लहान. न.पा. वडा नं. ११ (साविक वस्तीपुर गा.वि.स. वडा नं. १)। हालको ठेगानाः धनुषा जिल्ला बटेश्वर गा.पा. वडा नं. ३। बाबुः उत्तिमलाल महतो कोइरी पति/ससुराः सन्त कुमार सिंह/बासुदेव प्रसाद सिंह।

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. सन्त कुमार सिंहको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषामा जिल्ला सखुवा गा.बि.स.वडा नं. ५ नक्सा सिट नं. ५ख, स्थित कि.नं. ६५४ क्षेत्रफल ०-०-५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ........................१
२. हिरा कुमारी महतोको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषामा जिल्ला, सखुवा गा.बि.स.वडा नं. ५ नक्सा सिट नं. ५ख, कि.नं. ३२१ क्षेत्रफल ०-०-१०-० (बिघा) जग्गा तथा जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण..........................१
३. ऋणी पवन सप्लायर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..........१

२ **ऋणीः मो. सबजान राइन** (ना.प्र.नं. ५७४०३४२४, जारी मिति २०५६/०५/२७, जारी गर्ने कार्यालय जि.प्र.का महोत्तरी। स्थाई ठेगानाः महोत्तरी जिल्ला, लोहारपटी न.पा. वडा नं. ३ (साविक म.तपनपुर गा.वि.स. वडा नं. ९) हालको ठेगानाः धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. २। बाबुः यासीन कवारी। बाजेः हनिफ कवारी।

**जमानतकर्ताः नुर मोहमद राइन** (ना.प्र.नं. १७३१००/१७६, जारी मिति २०६३/११/२५, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा। ठेगानाः धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. २ (साविक नकटाझिझ गा.वि.स. वडा नं. १)। बाबुः मो. सबजान राइन। बाजेः यासीन कवारी।

**जमानतकर्ताः मसिना खातुन** (ना.प्र.नं. १७३१००/२५३, जारी मिति २०६३/११/२५, जारी गर्ने कार्यालय जि.प्र.काः धनुषा)। ठेगानाः धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. २ (साविक नकटाझिझ गा.वि.स. वडा नं. १)। बाबुः इदरीस कवारी। पति/ससुराः मो. सबजान राईन/यासीन कवारी।

**लिलाम विक्री हुने सम्पत्तिको विवरणः**
ऋणी मो. सबजान राईनको नाममा मालपोत कार्यालय, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. १, सिट नं. १क स्थित कि.नं. ८७९ क्षेत्रफल ०-१-६-४ (बिघा) जग्गा तथा उक्त जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ..१

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय महेन्द्रनगर धनुषाबाट** समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेला खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय महेन्द्रनगर, धनुषामा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय जलेश्वरको २१ दिने सूचना

**सूचना प्रकाशन मिति : २०८३/०५/०२ गते**

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि., शाखा कार्यालय, जलेश्वर, महोत्तरी**

१) **कर्जा ग्राहकको नामः श्री नरसिंह कन्सट्रक्सन प्रा.लि.( Cs.ID. ९४४७४५)**

| ऋणीको नाम | ठेगाना | दर्ता नं.र मिति | दर्ता भएको कार्यालय | पान नं. र मिति | कर्जा उदेश्य | लगानिमा रहिरेहेको रकम | भाखा नाघेको साँवा रकम | बाँकि ब्याज २०८३ साउन १ गते सम्म |
|---|---|---|---|---|---|---|---|---|
| नरसिंह कन्सटकक्सन प्रा.लि. | जलेश्वर ०७ | २१३१५८/०७५/०७६ २०७६।०१।०३ | कम्पनी रजिस्टारको कार्यालय | ३०३४५०७७७ २०७६/०२/२१ | सरल ठेक्का कर्जा | २,००,००,००० | २००,००,००० | ४६८७४८७.९५ |
| | | | | | Guarantee claim loan | १९५७५८७८.२२ | १९५७५८७८.२२ | ६१०४८११.५८ |
| | | | | | जम्मा | ३९५७५८७८.२२ | ३९५७५८७८.२२ | १०७९२२९९.५३ |

**संचालक / प्रोपाराईटर**

| नाम थर | ठेगाना | ना.प्र.नं.र मिति | जारी जिल्ला | बाबुको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| दिपेन्द्र झा | जलेश्वर ०८ | ३९२३५२८२/२०५२।०३।११ | महोत्तरी | चन्देश्वर झा | श्रीधर झा | |
| सिकेन्द्र कुमार झा | जलेश्वर ०७ | ३९२३६३५३/२०५६।०२।१८ | महोत्तरी | चन्देश्वर झा | श्रीधर झा | |
| अरबिन्द झा | जलेश्वर ०७ | ३९२३७०८१/७७२-२०५२।०३।११ | महोत्तरी | चन्देश्वर झा | श्रीधर झा | |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**

# उपभोक्ता अदालत गठन गर्नुपर्ने : मन्त्री पटेल



**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिश पटेलले वीरगञ्जमा उपभोक्ता अदालत स्थापना गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालले वीरगञ्जमा आयोजना गरेको उपभोक्ता अदालत स्थापना तथा सञ्चालन र नसर्ने रोग रोकथाम सम्बन्धी सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री पटेलले यस्तो बताएका हुन् ।

वीरगञ्जमा उपभोक्ता अदालत स्थापनार्थ मन्त्रालयले कुन भूमिका निर्वाह गर्नुपर्दछ त्यस भूमिका निभाउनका लागि आफू तयार रहेको उहाँले बताउनुभयो । बुझ्दै जाँदा उपभोक्ता अदालत धेरै महत्वपूर्ण रहेको पाएको बताउँदै मन्त्री पटेलले संघीय सरकारले गरेको निर्णयअनुसार प्रदेश सरकारले उपभोक्त हित संरक्षण ऐन बनाउन आफूले पहल सुरु गरिहाल्ने प्रतिबद्धता व्यक्त गरे ।

स्थापना गरिने उपभोक्ता अदालतले यहाँका उत्पादनबाट ठगिएका उपभोक्तालाई क्षतिपूर्ति दिलाएता पनि आयात हुने वस्तुलाई कसरी नियमन गर्ने भन्नेतर्फ पनि सोच्नुपर्ने मन्त्री पटेलले जनाए ।

चुनावमा बिभिन्न राजनीतिक एजेण्डा लिएर जाने, जनतालाई बिभिन्न प्रतिवद्धता जनाउने, तर पूरा नगर्ने त्यस्तो अवस्थामा कारवाही के गर्न सकिन्छ त्यसतर्फ पनि सोच्ने बेला आएको उनले भने ।

कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय अक्ष्यक्ष ज्योति बाँनियाले उपभोक्ता अदालत स्थापना र सञ्चालन विषयक प्रस्तुति दिएका थिए । उनले उपभोक्ता अदालतको आवश्यकता, यहाँका उपभोक्ताको अवस्था अनि उपभोक्ता अधिकार तथा सचेतनाका विषयमा चर्चा गरे ।

त्यस्तैगरी जनस्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य अधिकृत धनी सिंहले नसर्ने रोगका कारण, अवस्था र तुलनात्मक तथ्याङ्कसहित कार्यपत्र पेश गरेका थिए । जिल्ला अदालत पर्साका मूख्य न्यायाधीश महेन्द्रप्रसाद पोखरेलले हरेक उपभोक्ताले स्वच्छ सफा एवम् गुणस्तरीय वस्तु उपभोग गर्न पाउनु पर्ने जनाए ।

कार्यक्रममा पर्सामा सहायक प्रमुख जिल्ला अधिकारी कृष्णजङ्ग थापाले ठगिएका उपभोक्तालाई क्षतिपूर्ति प्रदान गर्न उपभोक्ता अदालतको आवश्यकता औल्याए । कार्यक्रममा पर्सा बारकी सचिव प्रतिमा चौरसिया, वरिष्ठ अधिवक्ता रामेश्वर सेढाइँ, प्राध्यापक हरेराम ठाकुर लगायतले उपभोक्ता अदालतको आवश्यकता बारेका आफ्नो धारणा राखेका थिए ।

# संघीयताको मर्म विपरित डिडिसीलाई करोडौको आर्थिक सहयोग

**सुभाष कर्ण**

जनकपुरधाम । संघीयता कार्यान्वयनको मूल उद्देश्य नै राज्यशक्तिको विकेन्द्रीकरण, प्रदेशलाई अधिकारसम्पन्न बनाउने र स्थानीय आवश्यकता तथा सम्भावनाका आधारमा प्रदेशमै विकासको आधार तयार गर्नु हो । तर मधेश प्रदेश सरकारले भने संघीय सरकार मातहतका व्यावसायिक संस्थान तथा कार्यालयलाई प्रदेशको बजेटबाट निरन्तर आर्थिक तथा भौतिक सहयोग गर्दै आएको छ । यसले प्रदेश सरकारको बजेट प्राथमिकता मात्र होइन, संघीयताको औचित्यमाथि नै गम्भीर प्रश्न खडा गरेको छ ।




प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले संघीय सरकार मातहत रहेको दुग्ध विकास संस्थान (डिडिसी)को धनुषाको ढल्केवरस्थित वितरण केन्द्रलाई पछिल्लो पटक करिब ५० लाख रुपैयाँ बराबरका अत्याधुनिक मेशिन तथा उपकरण उपलब्ध गराएको छ ।

गत बिहीबार मन्त्रालयका सचिव संजय यादवले डिडिसीका नरेश जोशीलाई मल्टिपर्पस पाश्चराइजर प्लान्ट, क्रीम सेपरेटर, रसभरी सेपिङ तथा स्टीम लाइन खोआ प्रोसेसिङलगायतका उपकरण हस्तान्तरण गरेका हुन् ।

यो पहिलो पटकको सहयोग भने होइन। प्रदेश सरकारले विगतका वर्षहरूमा समेत डिडिसीको ढल्केवर केन्द्रलाई करोडौं रुपैयाँ बराबरका मेशिन, उपकरण तथा अन्य सहयोग उपलब्ध गराइसकेको छ। अर्थात् प्रदेशको सीमित स्रोतबाट संघीय सरकार मातहतको एउटा व्यावसायिक संस्थाको क्षमता विस्तारमा निरन्तर लगानी भइरहेको छ।

यहींबाट मूल प्रश्न उठ्छ– प्रदेश सरकारले आफ्नो बजेटबाट संघीय सरकारको व्यावसायिक संस्थान किन सञ्चालन र सबलीकरण गरिरहेको छ ?

यो प्रश्न अहिले मधेश प्रदेशका सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले समेत उठाएका छन् । सत्तारुढ नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले प्रदेश सरकारले आफ्नै व्यावसायिक प्रतिष्ठान सञ्चालन नगरी संघीय सरकार मातहतका व्यावसायिक संस्थालाई आर्थिक सहयोग गर्नु उचित नभएको स्पष्ट पारेका छन् । डिडिसीलाई हालसम्म दिइएको रकमबाट प्रदेश सरकारले आफ्नै उद्योग सञ्चालन गर्न सक्ने उनको भनाइ छ ।

उनका अनुसार प्रदेशले आफ्नै उद्योग सञ्चालन गरेको भए प्रदेश सरकारका लागि आयआर्जनको स्रोत सिर्जना हुनुका साथै स्थानीय नागरिकले रोजगारी पाउने र किसानले प्रत्यक्ष लाभ लिन सक्थे। तर संघीय संस्थानलाई लगानी गर्दा त्यसबाट सिर्जित आम्दानी अन्ततः संघीय संरचनामै जाने र प्रदेश तथा प्रदेशवासीले अपेक्षित प्रतिफल नपाउने उनको तर्क छ।

प्रतिपक्षी जसपा नेपालका सांसद उपेन्द्र महतोले प्रदेश सरकारलाई भिजनलेसको संज्ञा दिदैं विकासको स्पष्ट दृष्टिकोण नै नरहेको आरोप लगाएका छन् । संघीयताको उद्देश्य प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रको विकासमा लगानी गर्नु भए पनि प्रदेश सरकार संघीय संरचनाकै संस्थालाई बलियो बनाउन लागेको उनको भनाइ छ ।

उनले डिडिसीलाई वर्षौंदेखि दिइँदै आएको रकम प्रदेशको आफ्नै उद्योग स्थापना गर्न वा त्यो सम्भव नभए स्थानीय सहकारी तथा निजी क्षेत्रबाट सञ्चालित डेरी उद्योगलाई अनुदान र प्रविधि हस्तान्तरणमार्फत सक्षम बनाउन खर्च गर्न सकिने बताए ।

जनमत पार्टीका सांसद महेश यादवको प्रश्न पनि त्यही हो । संघीय सरकारका व्यावसायिक संस्थानलाई प्रदेशको बजेटबाट सहयोग गर्नुको सट्टा प्रदेशले आफ्नै उद्योग स्थापना गर्नुपर्ने वा स्थानीय डेरी उद्योग तथा सहकारीलाई प्रवर्द्धन गर्नुपर्ने उनको भनाइ छ । संघीय संस्थानलाई बजेट दिनु प्रदेश सरकारको दीर्घकालीन सोचको अभाव भएको उनको टिप्पणी छ ।

प्रदेश सरकारको पक्षमा एउटा तर्क छ–डिडिसीलाई सहयोग गर्दा अन्ततः स्थानीय किसानले लाभ पाउँछन् । डिडिसीको क्षमता बढेपछि दूधको माग बढ्ने र किसानले उत्पादन गरेको दूधको बजार विस्तार हुने सरकारको दाबी छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेलले स्वयं संघीय सरकारको व्यावसायिक संस्थानलाई प्रदेशले सहयोग गर्नु उचित नभएको स्वीकार गरेका छन् । तर प्रदेशसँग आफ्नै दुग्ध संस्थान सञ्चालन गर्ने पर्याप्त क्षमता नभएको र डिडिसीलाई सहयोग गर्दा तत्काल किसानलाई लाभ पुग्ने भएकाले सहयोग गरिएको उनको भनाइ छ ।

मन्त्री पटेलले डिडिसीको ढल्केवर केन्द्रलाई प्रदेश मातहत ल्याउने प्रक्रिया अघि बढेकोसमेत बताएका छन्। सम्भवतः चालु आर्थिक वर्षमै केन्द्र प्रदेशलाई हस्तान्तरण हुने र हस्तान्तरण नभए आगामी वर्षदेखि प्रदेश सरकारले अनुदान रोक्ने उनको भनाइ छ । तर हस्तान्तरण हुने सम्भावनाको आधारमा अहिले नै संघीय संस्थानमा प्रदेशको बजेट खर्च गर्नु कति उचित हो ? भन्ने प्रश्न उठ्छ ।

मन्त्रालयका सचिव संजय यादवले धनुषा र महोत्तरीमा पर्याप्त डेरी उद्योग नभएकाले डिडिसीलाई सहयोग गरिएको बताएका छन् । प्रदेशका अन्य जिल्लामा सहकारीमार्फत सञ्चालित डेरी उद्योगलाई अनुदान दिइँदै आएको र आफ्नै डेरी उद्योग सञ्चालन गर्नु झन्झटिलो प्रक्रिया भएकाले प्रदेश सरकार त्यसतर्फ नलागेको उनको भनाइ छ ।

तर यही भनाइ प्रदेश सरकारका लागि सबैभन्दा ठूलो आलोचनाको आधार बन्न सक्छ । आफ्नै उद्योग सञ्चालन गर्न प्रक्रिया झन्झटिलो भयो भन्दै पन्छिने, तर संघीय सरकार मातहतको उद्योगलाई प्रदेशको बजेटबाट मेशिन र उपकरण उपलब्ध गराउने–यो कस्तो औद्योगिक नीति हो ?

प्रदेश सरकार आफैं उद्योग सञ्चालन गर्न नसक्ने हो भने स्थानीय सहकारी, निजी डेरी तथा किसान समूहलाई प्रविधि, पूँजी, बजार र पूर्वाधारमा आधारित सहयोग गर्न सकिन्थ्यो। त्यसबाट प्रदेशभित्रै निजी तथा सहकारी क्षेत्रको उत्पादन क्षमता विस्तार हुन्थ्यो र प्रदेशको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पर्न सक्थ्यो ।

तर संघीय स्वामित्वको व्यावसायिक संस्थानमा लगानी गर्दा प्रदेशको बजेटले त्यही संस्थाको सम्पत्ति र उत्पादन क्षमता बढाउने काम गर्छ । त्यसको स्वामित्व, व्यवस्थापन र अन्तिम आर्थिक प्रतिफल भने प्रदेश सरकारको नियन्त्रणमा नरहने अवस्था देखिन्छ ।

महालेखा नियन्त्रक कार्यालयले प्रत्येक वर्ष आफ्नो प्रतिवेदनमा प्रदेश सरकारले संघीय सरकार मातहतका संघ, संस्था, प्रतिष्ठान तथा संस्थानलाई आर्थिक वा अन्य सहयोगलाई गलत ठहर गर्दै आएको छ । तर प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मात्रै होइन गृह, सञ्चार तथा कानून लगायतका मन्त्रालयहरुले संघीय मातहतका संघ, संस्था तथा कार्यालयहरुलाई सहयोग गर्दै आएको हो ।

# चापाकल खरीदमा ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको औरही नगरपालिकामा हयाण्डपम्प/ट्युबवेल (चापाकल) खरिद तथा वितरणमा अनियमितता गरेको आरोपमा ११ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।




आयोगले २०८३ भदौ १ गते जारी गरेको प्रेस विज्ञप्तिअनुसार आर्थिक वर्ष २०७९/८० मा औरही नगरपालिकाले ह्याण्डपम्प/ट्युबवेल खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ विपरीत खरिद प्रक्रिया अपनाएको पाइएको हो ।

आयोगका अनुसार मालसामानको आइटम दररेटमा कन्ट्राक्टर ओभरहेडको रूपमा १५ प्रतिशत थप गरी लागत अनुमान स्वीकृत तथा स्वीकृत गराइएको, एउटै वस्तु, सेवा वा सामानको खरिदलाई विभिन्न विधि प्रयोग गरी पटक-पटक टुक्र्याएर ' एचयअगचभझभलत क्उष्तितष्लन' गरिएको र खरिद प्रक्रियामा प्रतिस्पर्धालाई जानाजान सीमित गरिएको पाइएको छ ।

आपूर्तिकर्तासँगको मिलेमतोमा बोलपत्रमार्फत खरिद गर्नुपर्ने कार्य सिलबन्दी दरभाउपत्र तथा सोझै खरिद गरी स्थानीय सरकार र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको आयोगको आरोप छ ।

त्यस्तै, खरिद गरिएका ह्याण्डपम्पलगायतका मालसामानको दोहोरो भरपाई तयार गरिएको, वितरण गरिएको भनिएका सामग्री बुझिलिएको तथा त्यसको भरपाईलगायतका विश्वसनीय प्रमाण पेस गर्न नसकेको आयोगले जनाएको छ ।

लागत अनुमान, खरिद आदेश, जिन्सी दाखिला तथा सार्वजनिक खरिद ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनसमेत बेवास्ता गरी खरिद कार्य गराएको र भुक्तानी दिएको-लिएको अनुसन्धानबाट पुष्टि भएको आयोगको भनाइ छ ।

आयोगले उक्त कार्यमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा २२ बमोजिमको कसुरजन्य कार्य भएको निष्कर्षसहित आरोपपत्र दायर गरेको हो ।

आयोगका अनुसार औरही नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत निलाम्बर मिश्र मैथलीविरुद्ध ३६ लाख १३ हजार ३१ रुपैयाँ बिगो कायम गरी आरोपपत्र दायर गरिएको छ ।

त्यस्तै, तत्कालीन इन्जिनियर सन्तोष कुमार यादव र तत्कालीन सब-इन्जिनियर बिपिन कुमार मण्डलविरुद्ध जनही २० लाख ४९ हजार ४५० रुपैयाँ बिगो कायम गरिएको छ भने तत्कालीन लेखापाल बिजय कुमार यादव र तत्कालीन योजना शाखा प्रमुख गंगाराम यादवविरुद्ध जनही ३६ लाख १३ हजार ३१ रुपैयाँ बिगो कायम गरिएको आयोगले जनाएको छ ।

तत्कालीन जिन्सी शाखा प्रमुख शिव शंकर यादवविरुद्ध १५ लाख ६३ हजार ५८१ रुपैयाँ बिगो कायम गरिएको छ । आयोगले आपूर्तिकर्तातर्फ लिला आयरन स्टोर्स, औरही-१, महोत्तरी र सोका प्रोप्राइटर बिनय कुमार यादवविरुद्ध ५ लाख ३४ हजार ८७६ रुपैयाँ ८१ पैसा, डि.एम. जेनरल अर्डर सप्लायर्स, जलेश्वर-३, महोत्तरी र सोका प्रोप्राइटर दुधनाथ कुमरविरुद्ध ११ लाख ८९ हजार ४७१ रुपैयाँ ३६ पैसा बिगो कायम गरेको छ ।

यस्तै, श्री राम इन्टरप्राइजेज, जलेश्वर-३, महोत्तरी र सोका प्रोप्राइटर अमरनाथ कुमरविरुद्ध २ लाख २० हजार १९७ रुपैयाँ ३६ पैसा, जैसवाल निर्माण सेवा (सिर्जना ट्रेडर्स), औरही-१, महोत्तरी र सोका प्रोप्राइटर रामबाबु चौधरीविरुद्ध ७ लाख ९ हजार ६२३ रुपैयाँ ९२ पैसा तथा क्वालिटी सोलुसन कम्पनी प्रा.लि., बागडोल-४, ललितपुर र सोका प्रबन्ध निर्देशक मनोज कुमार यादवविरुद्ध ७ लाख ११ हजार ९०० रुपैयाँ बिगो कायम गरिएको छ ।

**साक्षर समाज-सक्षम राष्ट्र**

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।

**शिक्षा:**

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८